# सिकाइ उपलब्धिमा बालबालिकाको सहभागिता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायद्वारा सञ्चालित

शैक्षिक योजना तथा व्यवथापन विषय अन्तरगत

स्नातकोत्तर तह (एम. एड.) को आंशिक

आवश्यकता परिपूर्तिका लागि

प्रस्तुत

शोधपत्र


शोधकर्ता

ज्ञानुनाथ मैनाली

क्याम्पस रोल नं. : ८१/०६४

परीक्षा रोल नं. : २०४००३०/०६७

त्रि.वि.द.नं. : ९६७५/८१

कनकाई बहुमुखी क्याम्पस

सुरुङ्गा, झापा



२०६९

त्रिभुवन विश्वविद्यालय सम्बन्धन प्राप्त

# कनकाई बहुमुखी क्या

सुरुङ्गा, झापा

नेपाल मिति :-

विषय : सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा
विषय स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षका छात्र ज्ञानुनाथ मैनालीले **सिकाइ**
**बालबालिकाको सहभागिता** शीर्षकमा तयार पारिएको हो । उक्त शोधकार्यप्रति म
। यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारि

मिति : २०६९/१२/१५

.........
मोहनप्रसाद ओ
शोध निर्देश
कनकाई बहुमुखी

त्रिभुवन विश्वविद्यालय सम्बन्धन प्राप्त

# कनकाई बहुमुखी क्याम्

सुरुङ्गा, झापा

नेपाल

मिति :-

विषय : स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यव विषय स्नातकोत्तर तह (एम.एड) द्वितीय वर्षका छात्र ज्ञानुनाथ मैनालीले **सिकाइ उप** **बालबालिकाको सहभागिता** शीर्षकमा तयार गरेको शोधपत्र मूल्याङ्कन समितिबाट गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | उप. प्रा. आशा शर्मा शिवाकोटी | विभागीय प्रमुख | ........ |
| २. | मोहनप्रसाद ओली | शोध निर्देशक | ........ |
| ३. | प्रा. हेमराज ढकाल | बाह्य परीक्षक | ........ |

मिति : २०६९/१२/२७

# कृतज्ञता

**सिकाइ उपलब्धिमा बालबालिकाको सहभागिता** शीर्षकमा शोधकार्य सम्पन्न गरी प्रस्तुत गरिएको छ । शोधप्रस्ताव स्वीकृत गरी यो विषयमा शोधकार्य गर्ने अवसर प्रदान गरेकोमा यस कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गाप्रति आभार प्रकट गर्दछु ।

यस शोधकार्यको सुरुदेखि अन्तिम लेखाइसम्म निरन्तर रूपमा आवश्यक निर्देशन तथा महत्त्वपूर्ण सल्लाह, सुझाव एवं हौसला दिई पथ प्रदर्शन गरी सहयोग पुऱ्याउनु हुने कनकाई बहुमुखी क्याम्पसका आदरणीय गुरु तथा शोधनिर्देशक श्री मोहनप्रसाद ओलीप्रति कृतज्ञता ज्ञापन गर्दछु । त्यसै गरी यस कार्यमा विभिन्न तरहले सहयोग पुऱ्याउनु हुने कनकाई बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख श्री त्रिलोचन मैनाली तथा विभागीय प्रमुख उपप्राध्यापक श्री आशा शर्मा शिवाकोटीप्रति आभार प्रकट गर्दछु ।

यस शोधकार्यको अध्ययनको क्रममा प्रश्नावलीले मागे अनुसार अन्तर्वार्ता तथा समूह छलफलमा सहभागी भई आवश्यक सूचना उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने सम्बन्धित अध्ययन क्षेत्रका विद्यालयहरुका प्रधानाध्यापकहरू, शिक्षकहरू, विद्यार्थीहरू तथा अभिभावकहरूलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यस शोधपत्रको सुन्दर ढंगले कम्प्युटर सेटिङ तथ मुद्रण गरी सहयोग गर्नुहुने खनाल कम्युनिकेशन, विर्तामोडका सञ्चालक मित्र सि.एम. खनालको गुन सदैव स्मरण गर्नेछु ।

ज्ञानुनाथ मैनाली

# शोधसार


*सिकाइ उपलब्धिमा बालबालिकाको सहभागिता शीर्षक प्रस्तुत शोधपत्र कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा, झापा, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह, एम. एड. दोस्रो वर्षको शिक्षा कोड नम्बर ५९८ को आवश्यकता परिपूर्तिको निम्ति तयार पारिएको हो ।*

*प्रस्तुत शोधलाई सिकाइ उपलब्धिमा बालबालिकाको सहभागिताको परिचय, सम्बधित साहित्यको पुनरावलोकन तथा सैदान्तिक खाका, अध्ययन विधि, तथ्याङ्कहरुको विश्लेषण र व्याख्या तथा निष्कर्ष र सुझाव गरी पाँच परिच्छेदमा विभाजन गरिएको छ । विपन्नवर्गको बालबालिकाहरुको शिक्षामा सहभागिता, कक्षा छाड्ने तथा दोहोऱ्याउनेको अवस्था, शैक्षिक उपलब्धि पहिचान गरी देखिएका समस्या समाधानार्थ सुझावहरु दिनु यस शोधकार्यका मुख्य उद्देश्यहरु हुन् । यस अध्ययनमा तथ्याङ्क सङ्कलनका निम्ति सम्बन्धित क्षेत्रमा गई अन्तरवार्ता, छलफल तथा अन्तरक्रिया, प्रश्नावली आदि विधिलाई आत्मसात गरी वर्णनात्मक तथा विश्लेषणात्मक पद्धति अँगालिएको छ ।*

*शोध अध्ययनको क्रममा सङ्कलित तथ्याङ्कको विश्लेषणबाट विपन्नवर्गका बालबालिकाको विद्यालय सहभागिताको स्थिति पत्ता लगाउन उनीहरुको विद्यालय भर्ना, कक्षा छोड्ने अवस्था, परीक्षामा सामेल हुनेको अवस्था, परीक्षामा उत्तीर्ण र अनुत्तीर्ण हुनेको अवस्था र कक्षा दोहोऱ्याउने अवस्थाको विश्लेषण गरिएको छ । तथ्याङ्कको विश्लेषण गर्दा ६०८ जना विपन्न वर्गका बालबालिकाहरु अध्ययन क्षेत्रका नमुनामा परेका विद्यालयहरुमा प्राथमिक तहमा भर्ना भएको, भर्ना भएका मध्ये ९६ जनाले कक्षा बीचैमा छोडेका, ५१२ जना अन्तिम परीक्षामा सामेल भएको, त्यसमध्ये ४४६ जना उत्तीर्ण भई ६६ जना विद्यार्थी अनुत्तीर्ण भएको र कक्षा दोहोऱ्याएको स्थिति रहेको पाइयो । अभिभावकको आर्थिक स्थिति कमजोर भएको तथा अभिभावकमा शैक्षिक चेतना कम भएका कारण विद्यालय पठाउनेभन्दा काम गर्नेतर्फ आफ्ना बालबालिकालाई प्रेरित गर्ने वातावरण भएकाले विद्यालयमा विपन्न वर्गका बालबालिकाको टिकाउपनमा कमी देखिएको यथार्थ देखियो ।*

*बालबालिकाहरुलाई शिक्षाको मूलधारमा ल्याई उनीहरुको शैक्षिक पहुँच तथा उपलब्धि वृद्धि गर्दै उनीहरुको सर्वपक्षीय संरक्षणका उपायहरुलाई अवलम्बन गर्नु आजको आवश्यकता भएको परिप्रेक्ष्यमा बालबालिकालाई विद्यालयतर्फ आकर्षित गर्ने किसिमका कार्यक्रमहरुको नीतिगत व्यवस्था गरिनुपर्ने, अभिभावकहरुलाई आफ्ना बालबालिकालाई शिक्षा दिनुपर्छ भन्ने चेतना जगाउने तथा आर्थिक सबलताका कार्यक्रम तय गर्नुपर्ने, स्थानीय स्तरमा विद्यालय भर्ना अभियान, विद्यालय स्वागत कार्यक्रम, प्रोत्साहनात्मक कार्यक्रम आदि सञ्चालन गरी बालबालिकालाई विद्यालयमा आकर्षित गर्ने तथा विद्यालय प्रवेश गरेका बालबालिकालाई टिकाइ राख्ने कार्यक्रमहरु सञ्चालन गर्न सुझाव दिइएको छ । यसका साथै समुदायका विविध पक्षमा थप अनुसन्धान गरी आर्थिक अवस्था, जीवनशैली जस्ता अहम् पक्षहरुबारे स्पष्ट चित्र उजागर गर्ने समेत सुझाव दिइएको छ ।*

# तालिका सूची


| | | | |
|---|---|---|---|
| तालिका १ | : | नमुनाको आकार | २१ |
| तालिका २ | : | सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाको वडागत तथ्याङ्क | २६ |
| तालिका ३ | : | बालबालिकाको शैक्षिक सहभागिता | २७ |
| तालिका ४ | : | कक्षागत भर्ना अवस्था | २८ |
| तालिका ५ | : | कक्षा छोड्ने अवस्था | ३१ |
| तालिका ७ | : | विद्यालयगत कक्षा छोड्ने अवस्था | ३२ |
| तालिका ८ | : | कक्षा दोहोऱ्याउने अवस्था | ३४ |
| तालिका ९ | : | विद्यालयगत कक्षा दोहोऱ्याउने अवस्था | ३५ |
| तालिका १० | : | विद्यालयगत कक्षा उत्तीर्ण अवस्था | ३६ |
| तालिका ११ | : | विद्यालयगत कक्षा अनुत्तीर्ण अवस्था | ३८ |
| तालिका १२ | : | समग्र शैक्षिक उपलब्धि विवरण | ३९ |

# चित्र सूची


| | | | |
|---|---|---|---|
| चित्र १ | : | आवश्यकताको सोपान | १६ |
| चित्र २ | : | बालबालिकाको शैक्षिक सहभागिता | २७ |
| चित्र ३ | : | विद्यालयगत भर्ना अवस्था | ३० |
| चित्र ४ | : | कक्षा छोड्ने विवरण | ३३ |
| चित्र ५ | : | कक्षा दोहोऱ्याउने अवस्था | ३५ |
| चित्र ६ | : | कक्षा उत्तीर्ण अवस्था | ३७ |
| चित्र ७ | : | कक्षा अनुत्तीर्णको अवस्था | ३८ |
| चित्र ८ | : | समग्र शैक्षिक उपलब्धि | ४० |

## विषय सूची

### परिच्छेद एक : परिचय


| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ८ |
| १.३ | अध्ययनको औचित्य | ९ |
| १.४ | अध्ययनको उद्देश्य | ९ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | ९ |
| १.६ | अध्यानको परिसिमा | १० |


### परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक समीक्षा


| | | |
|---|---|---|
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | ११ |
| २.२ | सैद्धान्तिक खाका | १५ |
| २.३ | शैक्षिक उपादेयता | १८ |


### परिच्छेद तीन : अध्ययन विधि


| | | |
|---|---|---|
| ३.१ | अनुसन्धान ढाँचा | २० |
| ३.२ | जनसंख्या र नमुना | २० |
| ३.२.१ जनसंख्या | | २० |
| ३.२.२ नमुनाको आकार | | २० |
| ३.२.३ नमुना छनौट विधि | | २१ |
| ३.३ | अनुसन्धानका साधनहरु | २१ |
| ३.४ | तथ्याङ्कका स्रोतहरु | २३ |
| ३.४.१ प्राथमिक स्रोत | | २३ |
| ३.४.२ द्वितीय स्रोत | | २३ |
| ३.५ | तथ्याङ्क सङ्कलन प्रक्रिया | २३ |
| ३.६ | तथ्याङ्क विश्लेषण प्रक्रिया | २४ |

## परिच्छेद चार : नतिजाको छलफल


४.१ शैक्षिक सहभागिताको अवस्था २५

४.१.१ अध्ययन क्षेत्र चारपाने गा.वि.स. को सामान्य परिचय २५

४.१.२ जनसङ्ख्याको वडागत तथ्याङ्क २५

४.१.३ बालबालिकाको शैक्षिक सहभागिता २६

४.१.४ बालबालिकाको विद्यालय भर्ना अवस्था २८

४.२ कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दर ३०

४.२.१ कक्षा छोड्ने अवस्था ३०

४.२.१.१ विद्यालयगत कक्षा छोड्नेको अवस्था ३२

४.२.२ कक्षा दोहाऱ्याउने अवस्था ३३

४.२.२.१ विद्यालयगत कक्षा दोहाऱ्याउने अवस्था ३५

४.३ बालबालिकाको शैक्षिक उपलब्धि ३६

४.३.१ बालबालिकाको कक्षा उत्तीर्ण अवस्था ३६

४.३.२ बालबालिकाको कक्षा अनुत्तीर्ण अवस्था ३७

४.३.३ समग्रमा विद्यार्थीहरुको शैक्षिक उपलब्धि विवरण ३९

४.४ शैक्षिक उपलब्धि न्यून हुनका कारणहरु ४०

४.५ शैक्षिक सहभागिता र उपलब्धि बढाउने उपायहरु ४१

४.६ प्राप्ति ४२


## परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु


५.१ निष्कर्ष ४४

५.२ सुझावहरु ४५

५.२.१ नीति निर्माण तह ४५

५.२.२ कार्यान्वयन तह ४६

५.२.३ अनुसन्धान तह ४७

**सन्दर्भ ग्रन्थ सूचि**

**अनुसूचिहरु**

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा मानव जीवनको अभिन्न अंग बनेको छ। यसले सबै तहका मानिसलाई अनुभव प्रदान गर्दै आएको पाइन्छ । तर यसका लागि मानिसलाई पोषण, वातावरण, विषयवस्तु, समय, वैयक्तिक चाहना, तत्परता, भौतिक तथा शैक्षिक अवस्था आदिको आवश्यकता पर्दछ (वाग्ले, २०६०) । उपर्युक्त कुरालाई आधार मान्दा शिक्षा गर्भधारणदेखि मृत्युसम्मको समयका लागि महत्वपूर्ण छ। खास गरी जन्मपूर्वको समय बालकको पूर्वाधार विकासका लागि हुन्छ भने जन्मपश्चातको समय वृद्धि पक्षको लागि हुन्छ भन्ने कुरालाई आधार मान्दा यो वातावरणीय समायोजनका लागि महत्वपूर्ण हुन्छ। यस वेला उसले परिवारमा पाएको माया, ममता स्नेह र समाजबाट पाएको सद्व्यवहार तथा साथीसँगको सम्पर्क अझ महत्वपूर्ण हुन्छ (शर्मा एण्ड शर्मा, २०६५)।

शिक्षा व्यक्तिको सफल व्यक्तित्व निर्माण गर्ने आधार हो । शिक्षा लिने र दिने प्रकृयाभित्र प्रवेश गर्दा औपचारिक, अनौपचारिक, अनियमित गरी तीन वर्गमा वर्गीकरण गरेको पाइन्छ। यसको अर्थलाई हेर्दा आकस्मिक तरिकाले सिक्ने सिकाइ अनियमित सिकाइ हो भने औपचारिक शिक्षाभन्दा बाहिर रहेर निर्धारित उद्देश्य प्राप्ति गर्नका लागि तोकिएको पाठ्यक्रमको आधारमा प्रदान गरिने शिक्षा अनौपचारिक शिक्षा हो (श्रेष्ठ, २०५८)। यसै गरी विद्यालयीय र क्याम्पस स्तरीय रुपमा सञ्चालन गरिने शिक्षा औपचारिक शिक्षाको रुपमा लिएको छ । यसले देशको शिक्षाको आधारभूत आवश्यकता पूरा गर्न सहयोग गर्दै दक्ष जनशक्ति उत्पादन गरेको छ।

मानव विकासको क्रमसँगै औपचारिक या अनौपचारिक रूपमा सिक्ने र सिकाउने कार्यको पनि शुरुवात भएको अनुमान गरिएको छ । आदिम मानवहरू पनि आफ्नो जीवन रक्षा एवम् आहाराको लागि सिकार गर्ने गर्थे र यस प्रकृयामा एकले अर्कालाई यस्ता सीपहरू सिकाउने गर्दथे । प्राचीन कालदेखि आफ्नै घर परिवारमा बाबुले छोरा

र आमाले छोरीलाई आफ्ना ज्ञान, सीप, अनुभव अनुसार शिक्षा दिने चलन थियो । यही परम्परा सँगसँगै आफ्नो समाजका मूल्य, मान्यता एवं रीतिरिवाजलाई एक पिंढीबाट अर्को पिंढीमा हस्तान्तरण गर्दै जाने व्यवस्था नै शिक्षा विस्तारको क्रम बन्यो (शर्मा, २०५८) ।

नेपालको शैक्षिक इतिहासलाई केलाउदा प्राचीन कालमा धार्मिक गुरुहरूबाट आश्रम, कुटी, गुम्बा आदि संस्थामा रही धार्मिक र नीति शिक्षा दिने प्रचलन थियो । गुरुको आश्रममा गई विद्या आजर्न गर्नुपर्ने गुरुकुल शिक्षा प्रणालीको वेला अर्थात पौराणिक कालमा शिक्षा व्यवस्थापनको जिम्मा आश्रमलाई नै दिइन्थ्यो । त्यसवेला शिक्षा राज्य नियन्त्रित थिएन । धर्म, संस्कृति र परम्पराद्वारा यो सञ्चालित हुन्थ्यो । नेपाल एकीकरणको समयभन्दा पूर्व गुरुकुल, पितृकुल, देवकुल, ऋषिकुल शिक्षा प्रचलनमा थिए भने त्यसपछि बौद्ध, हिन्दु धर्मप्रधान शिक्षा समेत प्रचलनमा रहेको तथ्य भेटिन्छ । यसले पनि नेपालको शिक्षा प्रणाली व्यवस्थित हुन नसकेको तथ्यलाई प्रमाणित गर्छ ।

नेपालमा लिच्छविकाल र मल्लकालमा पनि राज्यले शिक्षालाई आफ्नो दायित्वभित्र लिएको थिएन । तत्कालीन समाजले आफ्नो आवश्यकता अनुसार शिक्षा आजर्नको जोहो मिलाउने गरेको देखिन्छ । राणाकालदेखि राज्यले शिक्षामा केही रुचि देखाउन थाल्यो । राणाकालमा स्थापित सबै शिक्षण संस्थाहरूको व्यवस्थापनको जिम्मा पूर्ण रुपले सरकारले लिएको थियो । त्यसवेलाका शिक्षण संस्थाहरू ब्रिटिस भारतमा सञ्चालित मेकालेद्वारा प्रतिपादित शिक्षा पद्धतिबाट प्रभावित थिए । मेकाले शिक्षा पद्धतिको उद्देश्य ब्रिटिस शासकहरूको लागि क्लर्क उत्पादन गर्नु भएजस्तै यहाँ सञ्चालित शिक्षाले त्यसवेलाका अड्डा अदालतहरूका लागि कारिन्दा तयार गर्नु थियो ।

वि. स .१९१० मा दरवार स्कुलको स्थापना भएपछि नेपालको पहिलो औपचारिक विद्यालयको रुपमा शिक्षाशिक्षणको शुरुवात भएको पाइन्छ । सोही विद्यालयको स्थापनापछि विद्यालयको आर्थिक, भौतिक र मानव स्रोत व्यवस्थापनको जिम्मा सरकारले लिने प्रचलनको थालनी भएको पाइन्छ । २००७ सालसम्म आइपुग्दा

नेपालमा औपचारिक रुपमा ३१० वटा भाषा पाठशालाहरू र ११ वटा माध्यमिक विद्यालयहरू थिए । प्रजातन्त्र प्राप्तिपछि अनियन्त्रित रुपमा धरै विद्यालयहरू खुले । तिनै विद्यालयहरूलाई व्यवस्थित गर्न वि.स. २०११ सालमा नेपालमा शिक्षा नामक प्रतिवेदन र वि.स. २०१८ सालमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन गरी प्रतिवेदन तयार गरेको देखिन्छ (खनाल, २०६२) ।

पञ्चायतकालमा विद्यालय स्थापना हुने काम द्रुत गतिमा भयो । त्यसवेला सरकारले विद्यालयहरूको स्वीकृति दिने, नाममात्रको आर्थिक सहायता दिने र कहिलेकाहीं अनुगमन गर्ने काम गर्दथ्यो । विद्यालय सञ्चालनको सम्पूर्ण खर्च र व्यवस्थापनको काम स्थानीय समुदायबाट गठित सञ्चालक समितिले गर्दथ्यो । सञ्चालक समितिले श्रमदान जुटाएर वा चन्दा उठाएर विद्यालयको भौतिक व्यवस्थापन गर्दथे र विद्यालयको शुल्कबाट वा सो अपुग भए चन्दा उठाएर शिक्षकहरूको तलव व्यर्होने काम गर्दथे । नयाँ शिक्षा योजना (२०२८– ३२) लागू भएपछि नेपालको शैक्षिक परिस्थितिमा ठूलो परिवर्तन आयो । शिक्षकहरूको पूरै तलव सरकारले वेहोर्न थाल्यो र विद्यालयको भौतिक पूर्वाधार निमार्णमा पनि केही हदसम्म सहयोग गर्न थाल्यो ।

वि. स. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि विद्यालयहरूलाई  सरकारी, सार्वजानिक र निजी गरी ३ प्रकारमा विभाजन गरियो । सरकारी विद्यालयको सम्पूर्ण आर्थिक व्यवस्थापन सरकारले जिम्मेवारी लियो भने सार्वजानिक विद्यालयको आर्थिक व्यवस्थापनमा केही मात्रामा सरकारले सहयोग गर्थ्यो र निजी विद्यालयको सम्पूर्ण खर्च व्यक्तिले वेर्होनुपर्ने व्यवस्था थियो ।

शिक्षा ऐन २०२८ लाई सातौं संशोधन तथा शिक्षा नियमावली २०४९ मा व्यवस्था गरिए अनुसार विद्यालयहरूलाई सामुदायिक र संस्थागत विद्यालय गरी दुई प्रकारमा विभाजन गरिएको छ । नेपालमा विद्यालयहरूलाई व्यवस्थित रुपमा सञ्चालन गर्न शिक्षा ऐनद्वारा नै प्रत्येक विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन गर्ने व्यवस्था गरी समितिको काम, कर्तव्य र अधिकार तोकिदिएको छ ।

वि. स. २०१३ सालबाट शुरु भएको योजनावद्ध विकास हाल दशौं पञ्चर्षीय योजनाको अन्त्यमा आइपुग्दा विद्यालयको भौतिक सुधारका लागि गरिएको लगानी ठूलो मात्रामा देखिन्छ । प्रत्येक वर्षको राष्ट्रिय वजेटमा निश्चित प्रतिशत शिक्षातर्फ विनियोजित छ । अझ समुदाय र गैर सरकारी निकायहरूबाट त्यस क्षेत्रमा गरिएको लगानीको तथ्याङ्क अप्राप्य छ ।

नेपालमा दशौं पञ्चवर्षीय योजनाको समाप्तिपश्चात तीन वर्षीय अन्तरिम योजना ( २०६४/६५–२०६६/६७) शुरु भयो । यस योजना अनुसार प्राथमिक तहमा विद्यार्थी खुद भर्नादर ८७.४ पुगेको छ । प्राथमिक विद्यालयमा छात्र भन्दा छात्राको सहभागिता बढेको छ । यस अन्तरिम योजनाले उल्लेख गरे अनुसार आ.व. २०६३/६४ मा प्राथमिक तहमा सहजै देखिने भर्नादर क्रमशः १३८.८ र ८७.४ र निम्न माध्यमिक तहमा सहजै देखिने भर्नादर ७१.५ र माध्यमिक तहमा ५६.७ रहेको छ । यस ३ वर्षे अन्तरिम योजनाले राखेको अपेक्षित लक्ष्य प्राथमिक तहमा सहजै देखिने भर्नादर र खुद भर्नादर १०४ र ९६ पुऱ्याउने, नि.मा. तहमा सहजै देखिने भर्नादरलाई ७५ र मा.वि तहमा ६० पुऱ्याउने उल्लेख भएको छ । यस अन्तरिम योजनाले शिक्षामा सवै नागरिकको पँहुच सुनिश्चित गरी साक्षर बनाउनु, गणस्तरयुक्त तथा रोजगारीमूलक शिक्षा प्रदान गर्नु, सबैका लागि समान गुणस्तरको निःशुल्क र सर्वसुलभ आधारभूत शिक्षाको प्रत्याभूति गर्नु जस्ता उद्देश्यहरू राखेको छ (तीन वर्षीय आन्तरिम योजना, २०६४/६५–२०६६/६७) ।

नेपाली वर्ण व्यवस्था र हिन्दू परम्परा अनुसार नेपाली समाज जन्मकै आधारमा विभिन्न जात र वर्णमा विभाजित छ । नेपालको इतिहासलाई अध्ययन गर्दा राजा जयस्थिति मल्लको पालादेखि कामको आधारमा भएको श्रम विभाजन विस्तारै सीप र क्षमतामा नभई जन्मको आधारमा विकसित हुँदै आजको अवस्थासम्म कायम रहिरहेको छ । यस परम्पराबाट श्रम विभाजन गरी दक्षता हासिल गर्ने सन्दर्भमा बाध्यात्मक रुपबाट भएपनि केही हदसम्म सकारात्मक भूमिका निर्वाह गरेको देखिए पनि समग्रतामा अमानवीय प्रकृतिका सामाजिक समस्या र विकृतिहरूको विकास गर्न प्रेरित गरेको देखिन्छ । यही सामाजिक संरचनाकै आड लिएर केही जातजातिहरूलाई

तल्लो जात, अछुत जात जस्ता नामबाट अमानवीय व्यवहारलाई बढावा दिएको पाइन्छ ।

नेपाली वर्ण व्यवस्थाले कामी, दमाईं, सार्की, चमार, डुम, पोडे, खतवे, बाँतर, धोवी, सन्थाल जस्ता थुप्रै जातजातिहरूलाई कथित अछुत वर्गमा समावेश गरेको छ । नेपालको अन्तरिम संविधान २०६३ ले यिनै अछुत जातजातिका मानिसहरूलाई दलित भनी परिभाषित गरेको छ । नेपालको मुलुकी ऐन (२०२०) ले कानूनी रुपमा छुवाछुत अन्त्य भएको घोषणा गर्दै छुवाछुत सम्बन्धी व्यवहारलाई निन्दनीय र दण्डनीय भनेको भए पनि व्यवहारिक रुपमा यो कार्यान्वयन हुन सकिरहेको छैन । यसरी समाजमा अपहेलित रुपमा बस्नुपर्ने भएकाले समाजका विभिन्न क्रियाकलापहरूमा यिनीहरूको समान पहुँच र अवसर रहन सकेको छैन । यस मध्ये पनि शिक्षा चेतना र विकासको आधारस्तम्भ नै भएकाले र शिक्षामा उनीहरूको पहुँच प्रभावकारी रुपमा हुन नसक्दा समाजका अन्य क्रियाकलापमा पनि यिनीहरूको पहुँच अन्य जातजातिहरूको तुलनामा न्यून नै रहेको देखिन्छ ।

नेपाल सांस्कृतिक विविधताको देश हो । यो भर्खरै मात्र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकको रुपमा परिणत हुने क्रममा संक्रमणकालीन अवस्थामा छ । नेपाल बहुभाषिक, बहुजातिय र बहुधार्मिक राष्ट्र पनि हो । सबै भाषा-भाषी, सबै धार्मिक समुदायहरूमा आर्थिक, सामाजिक र राजनैतिक रुपले विविधता रहेको पाइन्छ । मूलतः नेपालको समाज हिन्दू वर्णाश्रम व्यवस्था अर्न्तगत रहेको पाइन्छ, जुन वर्णाश्रम व्यवस्था वैदिक कालदेखि चलिआएको थियो । वर्णाश्रम व्यवस्था अन्तर्गत पानी चल्ने वर्णको रुपमा ब्राह्मण, क्षेत्री र वैश्य रहिआएको पाइन्छ भने शुद्र वर्ण अछुत र पानी नचल्ने वर्णको रुपमा रहेको पाइन्छ । नेपालको सन्दर्भमा पहिलो पटक मुलुकी ऐन (१९१०) मा छोइछिटो हाल्नुपर्ने र छोइछिटो हाल्नु नपर्ने गरी दुई समूह व्यवस्था गरिएको देखिन्छ । वर्णाश्रम व्यवस्था अनुसार ब्राह्मण उच्च जाति हो । जसले धार्मिक र आध्यात्मिक काम गर्दछन् तिनीहरू यिनै वर्णभित्र पर्दछन् । क्षेत्रीहरू प्रशासन र सुरक्षासँग सम्बन्धित काम गर्दछन् । वैश्यले व्यापार गर्दछन् भने शुद्र यस

सोपानमा तल्लो तहमा पर्दछन् जसले ब्राह्मण, क्षेत्री र वैश्यहरूको सेवा गर्दछ । शुद्रलाई पानी चल्ने तथा नचल्ने दुई भागमा विभाजन गरिएको देखिन्छ ।

हिन्दू समाजले वर्ण व्यवस्थाभित्र चौथो वर्णमा शुद्र जातिलाई परम्परादेखि नै अछुतको कोटीमा राखिआएको देखिन्छ । ती अछुत भनिएकाहरूलाई वि.सं २०२४ सालदेखि दलित भन्ने शब्द वैधानिक रुपमा प्रयोग गरिन थालियो । पछि क्रमश. छुवाछुत अपराध तथा सजाय सम्बन्धी विधेयक २०५३, उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान र संरक्षण सम्बन्धी विधेयक २०५९ मा पनि दलित शब्दको उल्लेख भएको पाइन्छ । हुन त नेपालको प्रथम मुलुकी ऐन १९१० अनुसार ८ जाति - खड्गी, कपाली, रजक, चर्मकार, धौला, कामी, चामखल, सार्की, दमाईंलाई पानी नचल्ने भनी उल्लेख गरेको पाइन्छ भने सन् १९९१ को तथ्याङ्क अनुसार केन्द्रीय तथ्याङ्क विभागले पहाडी दलितको रुपमा दमाईं, सार्की, कामी, गाइने, सुनुवार, वादी गरी ६ वटा तथा तराईवासी दलितमा पासवान, लोहार, डोम, चमार, हलखोर, दुसाध मुसहर, सन्थाल, वातर खत्वे, कसाई, पोडे, कुसुले, च्यामे, कुचे गरी जम्मा २३ जातिहरूलाई दलित जाति भनी उल्लेख गरिएको पाइन्छ । तथापि कसाई स्वयं भने दलितमा रहने वा नरहने भन्ने कुरामा विवाद देखिन्छ । दलित जनसंख्या २,३१,५१,४२३ मध्ये ३०,३०,०६७ (१३.३३%) रहेको देखिन्छ जसमध्ये पहाडी जनजातिमा ४४.६%, पहाडी दलितमा ४३% जनसंख्या विद्यालय शिक्षाको पहुँचमै पुग्न नसकेको देखिन्छ (www.google.com) ।

यसरी दलित समुदाय समाज विकासको मूल प्रवाहमा पछि परेको अनुभूत गरी जनआन्दोलन (२०४६) पछि गठन भएका प्रजातान्त्रिक सरकारहरूले शैक्षिक पहुँच र अवसरमा वृद्धि गरी समयसापेक्ष मानवीय विकास गर्ने उद्देश्यले शुरुमा छात्राहरूको लागि मात्र र हाल आएर छात्र/छात्रा दुवैलाई छात्रवृत्तिको सुविधा प्रदान गर्दै आएको छ । यसका अतिरिक्त उनीहरूका लागि पाठ्यपुस्तकको समेत सुविधा प्रदान गरी दलित बालबालिकाहरूको उन्नयनमा टेवा पुऱ्याउने सरकारको कार्य अवश्य नै प्रशंसायोग्य छ । फलतः आजको विकसित र समुन्नत समाज विकासको निम्ति वाधक

तत्त्वको रुपमा स्थापित यस समस्यालाई दलितहरूको शैक्षिक विकासको माध्यमबाट निराकरण गर्ने योजना सरकारको रहेको देखिन्छ ।

शिक्षा विकासको मूलभूत अभिप्राय सबैलाई बढ्दो शैक्षिक अवसर प्रदान गर्नु हो जसले गर्दा सम्पन्न जीवनयापनका लागि सहयोग पुगोस् । शिक्षामा आधारभूत आवश्यकताको अवधारणा शिक्षालाई सर्वव्यापी बनाउने कोलम्बो योजना (१९५०), कराँची सम्मेलन र यूनेस्कोबाट भएको हो । सन् १९९० मा संयुक्त राष्ट्रसंघद्वारा थाइल्याण्डको जोमटेनमा सम्पन्न गरिएको विश्व सम्मेलनबाट सबैका लागि शिक्षा अभियानको थालनी भएको थियो । सन २००० को अप्रिल महिनामा संयुक्त राष्ट्रसंघद्वारा सेनेगलको डकारमा सम्पन्न शिक्षा विषयको विश्व फोरमले सबैका लागि शिक्षा अभियानका विभिन्न पक्षहरूको लेखाजोखा गरी ६ वटा लक्ष्य सन् २०१५ सम्ममा हासिल गर्ने प्रतिवद्धता जाहेर गरे । नेपालले सबैका लागि शिक्षाको कार्यक्रमलाई शिक्षा विकासको मुख्य रणनीतिको रुपमा अवलम्बन गरेको छ । नेपालको राष्ट्रिय कार्ययोजनाले डकार सम्मेलनबाट घोषित ६ वटा लक्ष्यमा नेपालको जातीय, सामाजिक र भाषिक विविधतालाई मध्यनजर गरी अर्को एउटा थप लक्ष्य समावेश गरिएको छ । सबैका लागि शिक्षाका लक्ष्यहरू निम्नानुसार छन् ।

विशेषत अत्यन्तै विपन्न र सुविधाविहिन बालबालिकाहरूलाई समेट्ने गरी प्रारम्भिक बालबिकास शिक्षाका कार्यक्रमहरू एवं व्यवस्थाहरूको विकास एवं विस्तृतीकरण गर्ने । सन् २०१५ भित्र सबै बालबालिका खास गरी बालिकाहरू, कठिन परिस्थितिका बालबालिका र अल्पसङ्ख्यक समुदायका बालबालिकाहरूको लागि स्तरीय निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षामा पहुँच र पूर्ण प्राप्ति सुनिश्चित गर्ने । सबै युवा तथा प्रौढहरूको आवश्यकता अनुसार उचित सिकाइ र जीवनोपयोगी सिपमूलक कार्यक्रमहरूमा न्यायोचित पहुँच विस्तार गरी सुनिश्चित गराउने । सन २०१५ सम्म प्रौढ साक्षरता तहमा खास गरी महिला साक्षरताा, कम्तिमा ५०% वृद्धि गर्ने र सबै प्रौढहरूका लागि आधारभूत तथा निरन्तर शिक्षामा न्यायोचित पहुँच पुऱ्याउने । सन् २००५ सम्म प्राथमिक तथा माध्यमिक तहसम्मको शिक्षामा लैङ्गिक विभेदीकरण निर्मूल गरी सन् २०१५ सम्म शिक्षामा लैङ्गिक समानता कायम गर्ने, छात्राहरूको लागि

गुणस्तरीय आधारभूत शिक्षामा पहुँच र उपलब्धि सुनिश्चित गर्ने । गुणस्तरीय शिक्षाका सबै पक्षहरूसँग सम्बन्धित विशिष्ट एवं मापन गर्न सकिने सिकाइ उपलब्धिहरू खासगरी साक्षरता गणितिय ज्ञान र जीवनोपयोगी सिपहरूको विकास सुनिश्चित गर्ने । आदिवासी, जनजाति र भाषिक अल्पसङ्ख्यक समुदायका लागि मातृभाषामा आधारभूत तथा प्राथमिक शिक्षा प्राप्त गर्न पाउने अधिकार सुनिश्चित गर्ने ।

यसरी शिक्षा विकासका वर्तमान प्रयास अनुसार नै अनिवार्य प्राथमिक शिक्षामा पहुँच बढाउने उद्देश्यले वर्तमान शिक्षानीति कार्यान्वयन भएको छ । राष्ट्रिय शिक्षानीतिको कार्यान्वयनबाट सन्थाल जातिका बालबालिकाहरूको शिक्षामा पहुँच बढ्ने तथा यिनीहरूमा शैक्षिक जागरण आउने आशा गरिएको परिप्रेक्ष्यमा यसबाट उनीहरूको शैक्षिक अवस्थामा के कस्तो परिवर्तन आएको छ वा कार्यक्रमको प्रभावकारिता कस्तो छ भन्ने विषयमा अध्ययन अनुसन्धान हुनु समय सापेक्ष र सान्दर्भिक रहेको ठहर गरी प्रस्तुत शोधमा विद्यालय उमेरका बालबालिकाको शिक्षामा पहुँचको स्थिति सम्बन्धमा अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

सन् २०१५ सम्म सबैलाई आधारभूत तथा प्राथमिक शिक्षा प्रदान गर्न राष्ट्रिय कार्ययोजना तर्जुमा गरी सबैका लागि शिक्षा अभियानलाई शैक्षिक विकासको मुख्य रणनीति बनाई सन्  २००४ बाट शुरु गरिएको कार्यक्रम सन् २०१२ को अन्त्यसम्म आइपुग्दा पनि लक्ष्य अनुरुप कार्य हुन सकिरहेको छैन । शिक्षामा सहभागिता वृद्धि गर्न विभिन्न प्रकारका छात्रवृत्तिको व्यवस्था गरियो । राष्ट्रिय स्तरमा निर्मित कार्यक्रमहरूको कार्यान्वयनबाट शिक्षामा आम नागरिकहरुको पहुँच वृद्धि गर्ने प्रयत्न भएको छ । यसबाट बालबालिकाको सिकाइ उपलब्धिमा परेको प्रभाव, सिकाइ उपलब्धिको वृद्धि जस्ता विषयमा कुनै ठोस खोज अनुसन्धान वा अध्ययन भएको छैन । यस परिप्रेक्ष्यमा आम बालबालिकाको शिक्षामा पहुँचको वास्तविक अवस्था पत्ता लगाई उनीहरूको सिकाइ उपलब्धिको लेखाजोखा गर्नु र देखिएका समस्या समाधानका उपायहरूको खोजी गर्नु वाञ्छनीय र समयसापेक्ष देखिएकाले यसैलाई मुख्य समस्याको रुपमा उठान गरी प्रस्तुत शोध अनुसन्धान गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

प्रस्तुत अध्ययनले शिक्षामा आम नागरिकको पहुँच वृद्धि गरी उनीहरूको सिकाइ उपलब्धि बढाउने सवालसँग सम्बन्धित निकायलाई आधारभूत जानकारी प्रदान गर्नेछ । त्यस्तै शिक्षामा आम नागरिकको के कस्तो पहुँच रहेको छ भन्ने विषयमा थप अनुसन्धानकर्मीहरूलाई पनि प्रस्तुत अध्ययनले सहयोग पुऱ्याउनेछ । त्यस्तै यस अनुसन्धानले आम नागरिकको शिक्षामा पहुँच नपुग्ने कारण पहिचान गरी आगामी योजना बनाउन नीति निर्मातालाई सहयोग पुऱ्याउँछ । शिक्षामा सबै जाति र वर्गको समान सहभागिता हुन नसकेमा सभ्य र विकसित समाजको कल्पना पनि गर्न सकिंदैन भन्ने बोध गराई सामाजिक र शैक्षिक विकाससँग सम्बन्धित सबैलाई यसले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. बालबालिकाको शिक्षामा रहेको सहभागिताको स्थिति पहिचान गर्नु,

२. बालबालिकाको नियमित उपस्थिति र सिकाइ उपलब्धि बीचको अन्तर खोज्नु,

३. सिकाइ उपलब्धिमा सरोकारवालाहरुको भूमिका पत्ता लगाउनु ।

४. बालबालिको सिकाइ उपलब्धि वृद्धि गर्ने उपायहरूको खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

निम्न अनुसन्धानात्मक प्रश्नहरूमा केन्द्रित रही प्रस्तुत अनुसन्धान कार्य पूरा गरिएको छ ।

१. बालबालिकाहरूको शिक्षामा सहभागिता कस्तो छ ?

२. विद्यालयमा भर्ना भएका बालबालिकाहरूको विद्यालय उपस्थिति नियमित छ या छैन ?

३. बालबालिकाहरूको कक्षा दोहोऱ्याउने दर कस्तो छ ?

४. बालबालिकाहरूको कक्षा छाड्ने दर कस्तो छ ?

५. बालबालिकाहरूको शैक्षिक सहभागिता न्यून हुनुका पछाडि जिम्मेवार पक्षहरू के के हुन् ?

६. सबै बालबालिकालाई शिक्षाको मूलधारमा प्रवेश गराउन के कस्ता उपाय अपनाउनु पर्ला ?

## १.६ अध्यानको परिसीमा

प्रस्तुत अध्ययनलाई झापा जिल्लाको चारपाने गा.वि.स. भित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा सीमित गरिएको छ । अध्ययन क्षेत्रमा रहेका विद्यालयहरूको सर्वाङ्गीण अध्ययन प्रस्तावित शोधमा सम्भव नहुने भएकाले प्राथमिक तहलाई आधारका रुपमा लिई बालबालिकाहरूको विद्यालय भर्ना, कक्षा छाड्ने अवस्था, कक्षा उत्तीर्ण हुने अवस्था र कक्षा दोहोऱ्याउने अवस्थाको अध्ययनमा मात्र यसलाई सीमित गरिएको छ । अध्ययन क्षेत्रका विद्यालयहरूका प्रधानाध्यापकहरू, शिक्षकहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू र अभिभावकहरू मार्फत जानकारी तथा सूचनाहरू प्राप्त गरी प्रस्तुत अध्ययन कार्य सम्पन्न गरिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक समीक्षा

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययन अनुसन्धान पूर्व साहित्यको अध्ययन रहने हुनाले अनुसन्धान पूर्व अध्ययन अनुसन्धान गरी तयार पारिएको पुस्तक, लेख, समीक्षा र प्रतिवेदन आदि पूर्व साहित्यलाई हालको अनुसन्धान विषयसँग सम्बन्धित रहेर त्यसको समीक्षा गरिन्छ जसले विभिन्न किसिमका महत्त्वपूर्ण तथ्यहरू पत्ता लगाउन सहयोग गर्नेछ । यस अध्ययनलाई पूर्णता प्रदान गर्न यस विषयसँग सम्बन्धित गरी गरिएका विभिन्न अनुसन्धानहरू, पत्रपत्रिकाहरू, शिक्षा मन्त्रालय, शिक्षा विभागद्वारा प्रकाशित बुलेटिनहरू जस्ता साहित्यको विस्तृत समीक्षा गरिएको छ ।

सेरिड (२०५६) ले गरेको अध्ययन अनुसार नेपालमा दलित जातिहरूको आर्थिक तथा शैक्षिक अवस्था ज्यादै कम रहेको देखाइएको छ । शैक्षिक रुपमा समेत पिछडिएका यी जातिहरूको प्रमुख आय स्रोत भनेको नै कृषिका साथै दैनिक ज्यालादारी रहेको छ । खेतीपातीबाट उत्पादन भएको अन्नले यिनीहरूलाई आधा वर्ष पनि गुजारा गर्न गाह्रो हुन्छ भने बाँकी समय यिनीहरू कडा परिश्रम गरेर विहान बेलुका छाक टार्न ज्यालादारी गर्न वाध्य हुन्छन् । कमजोर अवस्थाका कारण शैक्षिक अवस्था त पिछडिएको छ त्यसमा पनि उनीहरूको स्वास्थ्यलाई आर्थिक अवस्थाले नै प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । नितान्त गरिवीको रेखामुनि रहेका ६०% दलितहरूको भूस्वामित्व नगण्य मात्रामा रहेको छ ।

यु.एन.डि.पी. २००४ को मानव विकास प्रतिवेदनले तराइका दलित मध्ये भूमिहिन करीव ४४% रहेको, दलितहरू मध्ये ९७.५% लाई खेतीबाट हुने उब्जनीले ३ महिना पनि खान नपुग्ने देखिएको छ । यसको अर्थ नेपालको कुल जनसङ्ख्याको ४.५% तराइका दलित (करीव १०३९००० जनसङ्ख्या) सवैजसो गरिवीको रेखामुनि रहेको पाइएको छ । उक्त प्रतिवेदन अनुसार छुवाछुतको प्रतिशत १०.७ रहेको छ भने महिलाहरूमा ३.२ प्रतिशत मात्र रहेको छ र राष्ट्रिय भर्नादर ४८ प्रतिशत रहेकोमा

दलितहरूको प्राथमिक शिक्षा भर्ना नगण्य रहेको छ । कमजोर आर्थिक अवस्थाका कारण कतिपय दलितहरू चाहेर पनि विद्यालय भर्ना हुन सकिरहेको छैनन् भने कतिपय दलित अभिभावकहरूमा रहेको शैक्षिक चेतनाको कमिको कारणले आफ्नो बालबालिका विद्यालयमा भर्ना गर्न हिच्किचाउँछन् । भर्ना भैसकेका दलित बालबालिकाहरूको संस्कृति, वातावरण, आर्थिक स्थिति र विद्यालय बीच सामञ्जस्ता कायम हुन नसकेको कारण निरन्तरता दिन कठिन रहेको देखिन्छ ।

डी.एफ.आई.डी. र विश्व बैंक, २००६ को प्रतिवेदन अनुसार पहाडी दलित १५.५% भूमिहीन छन् र तराइमा ४४.५% दलित भूमिहीन रहेका छन् । तराईका दलित ७.७% बालबालिका १० वर्ष नपुग्दै विवाह वन्धनमा बाँधिन्छन् । तराईका दलितहरू गरीवीका कारण बीचमा नै पढाइ छाड्ने ४.६% रहेका छन् । यसै गरी १३.१% दलित जनसंख्या रहेको छ । कुल जनसंख्या १,३१,५१,४२३ मध्ये ३०,३०,०६७ दलितहरू छन् । जसमध्ये पुरुष १५,००३६७ र महिला १५,२९,७०० रहेका छन् । भौगोलिक रुपमा ३६.१७% तराई दलित, ५८.११% पहाडी दलित रहेका छन् । दलितहरूको जनसंख्या उल्लेख भएर पनि समाजमा निरन्तर आएको सामाजिक विभेद र मानव अधिकारबाट वञ्चित हुनु विडम्बना नै भन्नुपर्छ ।

भट्ट (२०६०) को एक अध्ययन अनुसार विद्यालयमा भर्ना हुने दर र उत्तीर्ण प्रतिशत उपल्लो जातका विद्यार्थीहरूको तुलनामा तल्लो जातका विद्यार्थीहरूमा ज्यादै न्यून पाइएको छ । विद्यालय छोडाइमा पनि पिछडिएको वर्ग र जनजातिहरूको संलग्नता बढी देखिन्छ । यस अध्ययनको नतिजाको रुपमा शोधकर्ताले सामाजिक रुपले पिछडिएका जातिहरू, कृषि पेशामा संलग्न निम्न वर्गका सन्थालहरू, सदस्य संख्या धेरै भएका ठूला परिवारहरू र शिक्षाबाट विमुख परिवारका बालबालिका मध्ये कतिपयले प्राथमिक तह नै पूरा नगरी विद्यालय छोड्न बाध्य भएका छन् भन्ने तथ्य दर्शाइएको छ । त्यसै गरी विद्यालयमा अध्ययन गर्ने दलित बालबालिका मध्ये ३४% ले प्राथमिक तहबाटै विद्यालय छोडेको देखिन्छ भने १०% जनजातिले विद्यालय छोडेको देखिन्छ । उपल्लो जातका समुदायका ५% भन्दा कम बालबालिकाले मात्र विद्यालय छाडेको पाइन्छ ।

हाडा र नेपाल (२०६२) ले शैक्षिक रुपले पिछडिएका समुदायको विषयमा गरेको एक अध्ययन अनुसार वि.स. २०५८ को राष्ट्रिय जनगणना अनुसार नेपालमा ६१ जाति मध्ये साक्षरताको आधारमा ४१ समूह दुसाध, चमार, खतवे, मल्लाह र चेपाङ जातिका महिलाहरूको साक्षरता प्रतिशत १० भन्दा कम छ, जसले गर्दा दलित समुदायको सवै क्षेत्रमा सहभागिता कम रहेको देखिन्छ ।

नेपाली समाजमा जनजातिहरूको सम्मिश्रण निकै उल्लेख्य छ । नेपालमा १०० भन्दा बढी जातजातिहरू छन् । चेपाङ, राउटे जस्ता अति कम संख्यामा रहेका आदिवासी समूहदेखि गुरुङ, मगर, राई, लिम्बू, नेवार जस्ता जनजाति समूहहरू र बाहुन क्षेत्री तथा दलितहरू जस्ता जातीय व्यवस्थामा आवद्ध रहने समूहहरू पनि यहाँ छन् । यति ठूलो जातिय विविधता भएको क्षेत्रमा जीवनका प्रत्येक क्षेत्रमा समान रुपमा जातीय प्रतिनिधित्व हुन सकेको छैन । जिल्ला विकास समितिको सभापति, नगरपालिकाको प्रमुख र उपप्रमुखमा संयुक्त रुपमा जातिय प्रतिनिधित्वलाई हेर्दा खस ५५.४ प्रतिशत, मंगोल किरात १२%, मधेशी १६.२%, नेवार १५.७% र दलित ०% (न्यौपाने, २०००: ६४-७०) रहेको छ । यसै गरी स्थानीय राजनीति, प्रशासन तथा प्रत्येक राजनैतिक दलमा तिनीहरूको संलग्नता हेर्ने हो भने खसको सवभन्दा बढी र नेवारको राम्रो वर्चस्व छ । जवकि दलितहरूको स्थिति अति कम वा नगन्य प्रतिनिधित्व गर्ने खालको छ भने जनजातिहरूको प्रतिनिधित्व पनि कम छ ।

तिम्सिना (२०६४) ले झापा जिल्लाका सन्थाल जातिको राजनैतिक एवं सामाजिक अवस्था बारेको विषयमा सोध अध्ययन गर्नुभएको थियो । अध्ययनको क्रममा प्राप्त भएका विभिन्न तथ्याङ्क र सूचनाको आधारमा व्याख्या र विश्लेषण गर्दा सन्थालहरूको राजैतिक सहभागिता र सामाजिक अवस्था सुदृढ नहुनमा शिक्षाको पहुँचको अभाव र विद्यालय शिक्षाको विकाससँगै चेतना अभिवृद्धि र शैक्षिक पहुँचको विस्तार मा संघसंस्थाले अहम भूमिका खेल्नुपर्ने निष्कर्ष पाइयो ।

वि.क. र पहाडी (२०६३) ले दलित समुदायको अवस्थाको बारेमा गरेको अध्ययन अनुसार वि.स. २०५८ को जनगणनामा नेपालमा रहेका कुल दलितको संख्या

३०३००६७ छ जसमध्ये दलित साक्षरता प्रतिशत १०.७ रहेको छ । त्यसभित्र पनि साक्षर दलित महिलाहरू ३.२% मात्र रहेका छन् । एस.एल.सी. मा १.५%, प्रमाणपत्र तहमा १%, स्नातक तहमा ०.६% मात्र सहभागिता रहेको देखिन्छ ।

मदरहुड केयर नेपाल (२०६४) द्वारा प्रकाशित प्रतिवेदनमा सन्थाल समुदायका बालबालिकाको बाल मृत्युदर, जनसंख्याको सर्वेक्षण र शैक्षिक पहुँचको स्थिति एवं अवस्था बारे झापा जिल्लाको चारपाने गा.वि.स. को वडा नं. ६, ७ र ८ मा गरिएको सर्भेक्षणबाट प्राप्त जानकारी एवं सूचनाको विश्लेषण गरिएको रहेछ । उक्त प्रतिवेदनमा सन्थाल समुदायमा बाल मृत्युदर बढी देखिएको तथा शिक्षामा सन्थाल समुदायको पहुँच न्यून रहेको पाइएको उल्लेख छ । विद्यालय शिक्षाम सन्थाल बालबालिकाको सहभागिताको अवस्था न्यून रहेको र यसो हुनमा मुख्य गरी चेतनाको कमी, आर्थिक अभाव, घरमा शैक्षिक वातावरण नहुनु लगायतका कारणहरू जिम्मेवार छन् । त्यस्तै विद्यालयमा हुने गरेको अतिरिक्त कृयाकलापमा पनि उनीहरूको कम सहभागिता देखिएको उल्लेख छ । उक्त प्रतिवेदनले उनीहरूका शैक्षिक, सामाजिक, आर्थिक समस्याहरू समाधान गर्न र शैक्षिक अवस्था सुधार गर्नका साथै सन्थाल जातिको संरक्षण, प्रगति र उन्नतिमा शिक्षाको पहुँच आवश्यक र अपरिहार्य रहेको देखाएको छ ।

थपलिया (२०६७) ले पूर्वी पहाडी जिल्ला तेह्रथुम अन्तर्गत चुहानडाँडा गा.वि.स. ( आठराई) का दलित बालबालिकाको शैक्षिक अवस्था विषयमा शोध अध्ययन गर्नुभएको थियो । अध्ययनको क्रममा प्राप्त भएका विभिन्न तथ्याङ्क र सूचनाको आधारमा तथ्याङ्कको व्याख्या र विश्लेषण गर्दा दलितहरूको विद्यालय पहुँच अझै पनि न्यून रहेको उल्लेख गरिएको छ । यस्तै जातिगत आधारमा छुवाछुतको सङ्केत प्राय हट्दै गएको देखिएता पनि प्रत्यक्ष रुपमा यसका अवशेषहरू रहिरकोले दलित र गैर दलितबीच समान व्यवहार प्रायः नपाइए पनि गैर दलित विद्यार्थीहरूले दलित विद्यार्थीहरूलाई सिक्ने कुरामा सहयोग गरेको र शिक्षकले पनि समान व्यवहार गरेको पाइएको उल्लेख छ ।

अध्ययन गरिएका पूर्व साहित्यहरूमा दलित, पिछडिएका, सीमान्तकृत समुदायका बालबालिकाहरूको शैक्षिक सहभागिता तथा उपलब्धि न्यून रहेको कुरा उल्लेख भएको पाइएता पनि उनीहरूको शैक्षिक सहभागिता वृद्धि गर्ने सम्बन्धमा अवलम्बन गर्नुपर्ने उपायहरूको बारेमा खासै उल्लेख भएको नपाइएकोले प्रस्तावित शोधमा शैक्षिक सहभागिता वृद्धिको लागि अवलम्बन गर्नुपर्ने उपायहरूको खोजी गरी प्रस्तुत गरिएको छ ।

## २.२ सैद्धान्तिक खाका


समाजमा रहेका विभिन्न अवसर, समस्या र विषयवस्तुको कुनै न कुनै सृजनात्मक आधार हुन्छ जसले अहिलेको विषयसँगै नयाँ रुप दिन्छ भने त्यसलाई सैद्धान्तिक खाका भनिन्छ । अनुसन्धानमा सैद्धान्तिक खाका एक संरचनागत स्वरुप हो  जसले सम्बन्धित अनुसन्धान अघि बढाउन सहयोग गर्दछ । यसले विषय र सिद्धान्तबीचको सम्बन्ध विकास गराउँछ । साथै यसले पूर्व मान्यतालाई अनुसन्धानसँग सम्बन्धित गराउँछ ।

मास्लोको उत्प्रेरणा सम्बन्धी सिद्धान्त (सन् १९४३) ले मानिसको आवश्यकताहरूलाई श्रृङ्खलावद्ध गरी पाँच श्रेणीमा विभाजन गरेको छ । मास्लोले मानवीय आवश्यकताहरूलाई क्रमशः शारीरिक आवश्यकता, सुरक्षात्मक आवश्यकता, सामाजिक आवश्यकता, स्वाभिमानको आवश्यकता र आत्मसन्तुष्टिको आवश्यकता भनी एक सोपान तयार गरेका छन् ।

मानिसका प्रशस्त इच्छा, चाहना र आवश्यकता हुन्छन् । त्यसको परिपूर्ति पश्चात अन्य इच्छा आवश्यकता चाहना हुन्छन् । शारीरिक आवश्यकता जीवनका लागि अत्यावश्यक पर्ने खाना, हावा, पानी, कपडा, बास आदि हुन् । यसको परिपूर्ति पश्चात मात्र अन्य आवश्यकताप्रति सोच विचार गर्छ नत्र यसै आवश्यकताको परिपूर्तिका लागि सदैव भौंतारिइरहेको हुन्छ । सुरक्षात्मक आवश्यकता मानिसलाई शारिरिक आवश्यकताको परिपूर्ति भएपछि मात्र परिपूर्ति गर्न उत्प्रेरित  हुन्छ । त्यस्तै शारीरिक र सुरक्षात्मक आवश्यकता पूरा भएपछि व्यक्ति सामाजिक संलग्नता तथा मान्यता बढाउने, मित्रवत व्यवहार गर्ने, स्नेहको आदानप्रदान गर्ने जस्तो कार्यतर्फ उत्प्रेरित

हुन्छ । स्वाभिमानको आवश्यकता मानिसमा मान सम्मान पहिचान स्थानको खोजी गर्न थाल्छ । पुरस्कार र प्रशंसा दिएर उनीहरूको कार्यप्रति उत्प्रेरित गर्न सकिन्छ र आत्मासन्तुष्टिको आवश्यकता यस सोपानको चरम चुलीमा व्यक्तिमा आत्मसन्तुष्टि, आत्मगौरव, आत्मबोध आदिको चाहना हुन्छ । व्यक्तिको मनेभावना बुझी आत्मसन्तुष्टिका उपाय अपनाएर व्यक्तिलाई कार्यप्रति बढी उत्प्रेरित गर्नुपर्छ । मास्लोको आवश्यकता सम्बन्धी सोपानलाई निम्नानुसार देखाइएको छ :

**चित्र १ : आवश्यकताको सोपान**




गाँस, वास, कपास, स्वास्थ्य आदि आधारभूत पक्षहरूको आवश्यकता प्रमुख भएका विपन्न वर्गका मानिसहरुमा आवश्यकताको परिपूर्ति पछि मात्र उनीहरूको शिक्षामा पहुँच पुग्छ । आर्थिक र भौतिक रुपले सुरक्षित भएपछि मात्र उनीहरू शिक्षाको बारेमा सोच्न सक्छन । सुरक्षित बस्ने स्थान, स्वास्थ्यको न्यूनतम सुरक्षा, कम्तीमा कपी, कलम, किताब, टिफिन खाने पकेट खर्च आदिको आर्थिक सुरक्षाको जरुरी हुन्छ शिक्षामा पहुँच पुऱ्याउन । शारिरीक र सुरक्षात्मक आवश्यकताको परिपूर्तिपछि विद्यार्थीहरूलाई सामाजिक संलग्नता तथा मान्यता बढाउने, मित्रवत व्यवहार गर्ने, अपनत्व बढाउने, माया ममता र स्नेह बढाउने, एक आपसमा सहयोग आदान प्रदान गर्ने कार्यतर्फ उत्प्रेरित गर्न सकिन्छ । सामाजिक आवश्यकताको परिपूर्तिपछि आफ्नो मान, सम्मान, स्वाभिमान, शक्ति, प्रतिष्ठा, मर्यादा, प्रशंसा, पुरस्कार आदिको आवश्यकताको लागि सन्थालहरूलाई उत्पेरित गर्न सकिन्छ । यसलाई स्वाभिमानको आवश्यकता भनिन्छ । आवश्यकताको अन्तिम उच्चतम विन्दु व्यक्तिमा आत्मसन्तुष्टि,

आत्मगौरव हो । कसैले उच्च स्तरको राष्ट्रिय, अन्तर्राष्ट्रिय पुरस्कार पाउँदा आत्मसन्तुष्टि बढ्छ । सन्थाल विद्यार्थीहरूलाई पनि आत्मसन्तुष्टिको आवश्यकताको लागि पनि उत्प्रेरित गर्नुपर्छ । यसका लागि सरकारी तथा गैर सरकारी संघसंस्थाहरूले सामाजिक दायित्व बोध गरी उत्प्रेरणा जगाउनु पर्दछ । तब मात्र विद्यालय शिक्षामा उनीहरूको पहुँच वृद्धि हुन जान्छ । यस अर्थमा मास्लोको अभिप्रेरणा सिद्धान्तले यस अध्ययनलाई आधारशिला प्रदान गर्न महत्वपूर्ण भूमिका खेल्दछ ।

फ्रेडरिक हजवर्गको प्रेरक आरोग्य तत्वको सिद्धान्त (सन् १९५०) अनुसार मानिसहरू के चाहन्छन् र केले उनीहरूलाई अभिप्रेरित गर्छ भनी अध्ययन गर्दा राम्रो सन्तुष्टि दिने कार्यको प्रेरक तत्वहरू हुन् । आरोग्य तत्व कार्यको वातावरणसँग सम्बन्धित छ र यसले मानिसको कार्य दक्षतामा कुनै वृद्धि र विकास गर्दैन तर पनि कार्यमा आउने असन्तोषलाई रोकेर उत्कृष्ट कार्यसम्पादनको लागि अभिप्रेरित गर्छ । समुदायका मानिसहरूलाई उनीहरूको कार्यमा प्रेरित गरी आफ्ना बालबालिकाको स्वस्थ्य वातावरणको विकास गर्दै सिकाइमा उत्प्रेरित गर्न, अभिभावकलाई शैक्षिक क्षेत्रमा चासो बढाउन प्रेरित गर्न, राम्रो खानेकुरा र स्वास्थ्य सम्बन्धी हेरचाह पुऱ्याउन अभिप्रेरित गर्न प्रस्तुत आरोग्य सिद्धान्तलाई आधार मानी यस शोधमा अध्ययन गरिएको छ ।

मेरी पार्कर फोलेटको मानवीय विकास सम्बन्धको सिद्धान्त (सन् १८६८) अनुसार व्यक्तिहरूको भावना चाहना बुझेर राम्रोसँग मानवीय सम्बन्ध विकास गर्नुपर्छ । जति धेरै राम्रोसँग समन्वय र सम्बन्ध स्थापना गर्न सक्यो त्यति नै राम्रो सम्बन्ध कायम भई स्तरीयता र प्रभावकारिता हासिल हुन्छ । उनले प्रजातान्त्रिक र सहभागितामूलक कार्यमा जोड दिइन् । उनको यो समन्वय सम्बन्धी सिद्धान्तले समुदायका बालबालिकाहरूमा राम्रो समन्वय कायम गरी सिकाइमा प्रभावकारिता ल्याउन आधार प्रदान गर्दछ । समुदायका बालबालिकाहरूको विद्यालयमा सहभागिता बढाउन, राम्रो समन्वयात्मक वतावरण सिर्जना गर्न, बालबालिकाको भावना बुझेर कार्य गर्न आधार उक्त सिद्धान्तले प्रदान गर्नेछ । यसमा शिक्षक तथा अभिभावक बीचको समन्वय सुमधुर राख्न, अभिभावकहरूलाई समय समयमा विद्यालयमा आफ्ना बालबालिकाको

शैक्षिक प्रगति बारे छलफल गर्न, विद्यालय र समुदाय बीच सुमधुर सम्बन्ध स्थापना गर्न समेत यस सिद्धान्तले आधार प्रदान गरेको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

अध्ययन गरिएका पूर्व साहित्यबाट शिक्षाामा आम नागरिकका बालबालिकाको पहुँचको स्थिति सम्बन्धमा स्पष्ट तथ्य प्राप्त भएको छ । त्यसरी नै विभिन्न जातजाति र वर्णमा विभाजित नेपाली समाजमा जाति र वर्णको रुपमा समेत शैक्षिक सहभागिता र पहुँच फरक रहेको स्पष्ट भएको छ । आम बालबालिकाको शिक्षामा पहुँच वृद्धि गर्न अवलम्बन गर्नुपर्ने उपायहरू बारे समेत पुनरावलोकन गरिएका पूर्व साहित्यबाट जानकारी प्राप्त भएको छ ।

सेरिड (२०५६), भट्ट (२०६०), हाडा र नेपाल (२०६२), तिम्सिना (२०६४), वि.क. र पहाडी (२०६३) को अध्ययनले दलित तथा पिछडिएको वर्गका बालबालिकाको शिक्षामा सहभागिता कम भएको तथा शैक्षिक क्षति बढी भएकाले शैक्षिक उपलब्धिस्तर कम रहेको तथ्य स्पष्ट पारेको छ । त्यसरी नै मदरहुड केयर नेपालले गरेको अध्यनले झापा जिल्लाको चारपाने गा.वि.स.का पिछडिएको जातिमा पारिवारिक शैषिक वातावरणको कमीले बालबालिकाको शिक्षामा सहभागिता कम भएको उल्लेख गरेको छ ।

उपर्युक्त अध्ययनहरुबाट प्राप्त जानकारीलाई प्रस्तुत शोध अध्ययनमा पूर्वज्ञानको रुपमा लिई शिक्षामा आम बालबालिकाको सहभागिता वृद्धि गर्न अवलम्बन गर्नुपर्ने उपायहरुको खोजी गर्नमा विशेष सहयोग पुगेको छ ।

अध्ययन गरिएको मास्लोको उत्प्रेरणा सम्बन्धी सिद्धान्तले आवश्यकताको श्रृङ्खला मार्फत न्यून आय भएका परिवारका बालबालिकाको शिक्षामा सहभागिता वृद्धि गर्न अवलम्बन गर्नुपर्ने उपायबारे स्पष्ट मार्ग निर्देशन गरेको छ । हजवर्गको सिद्धान्तले शिक्षामा बालबालिकाको सहभागिता बढाउन अभिभावकहरूमा ल्याउनु पर्ने परिवर्तनबारे मार्ग निर्देश गरेको छ । त्यसरी नै फोकलेको सिद्धान्तले सामीजक

सद्भावमा जोड दिंदै सहभागिता वृद्धि गर्न मार्गनिर्देश गरेको छ । यसरी पुनरावलोकन गरिएका साहित्य र अध्ययन गरिएका सिद्धान्तले शोध अध्ययनलाई अगाडि बढ्न र निष्कर्षमा पुग्न मद्धत पुऱ्याएका छन् ।

# परिच्छेद तीन
# अध्ययन विधि

शोधकर्ताले कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्दा सर्वप्रथम विषयबस्तुको अध्ययन गरी कुन विधिबाट अध्ययन कार्य शुरु गर्ने भनेर तयार गरिएको प्रारुप नै अध्ययन विधि हो ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस अध्ययनमा आवश्यक तथ्याङ्कहरू सङ्कलन गर्न यस अनुसन्धान ढाँचा अन्तर्गत प्राप्त तथ्याङ्कलाई वर्णनात्मक र विश्लेषाणात्मक तरिकाले गुणात्मक तथा परिमाणात्मक दुवै ढाँचामा प्रस्तुत गरिएको छ जसले अनुसन्धान कार्यलाई तार्किक, व्यवस्थित, वैज्ञानिक र तथ्यपरक बनाउन मद्दत गरेको छ ।

## ३.२. जनसंख्या र नमुना

### ३.२.१ जनसंख्या

यस अध्ययनको जनसंख्याको रुपमा झापा जिल्लाको अनारमनी स्रोतकेन्द अन्तरगत चारपाने गा.वि.स भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरू र तिनका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष तथा पदाधिकारी र अभिभावकलाई लिइएको छ ।

### ३.२.२ नमुनाको आकार

यस अध्ययनलाई पूरा गर्नका लागि झापा जिल्ला भित्र रहेका १७ वटा स्रोतकेन्द्रहरू मध्ये पूर्वी झापामा अवस्थित अनारमनी स्रोतकेन्द्र अन्तरगत पर्ने चारपाने गा.वि.स. लाई अध्ययन क्षेत्रको रुपमा लिई यस गा.वि.स. भित्रका तीनवटा सामुदायिक विद्यालयलाई नमुनाको रुपमा लिइएको छ । नमुनामा लिइएका विद्यालयहरूका प्रधानाध्यापकहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, प्रत्येक विद्यालयबाट ३ जनाका दरले प्राथमिक तहमा अध्यापन गर्ने शिक्षकहरू, प्रत्येक विद्यालयबाट ३ जनाका दरले प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरू र प्रत्येक विद्यालयबाट ३

जनाका दरले अभिभावकहरूलाई नमुना जनसंख्याको रुपमा लिइएको छ । नमुनाको आकारलाई निम्नानुसार तालिकीकरण गरिएको छ ।

**तालिका १ : नमुनाको आकार**

| क्र.सं. | विद्यालय | प्र.अ | वि.व्य.स. अध्यक्ष | शिक्षक | विद्यार्थी | अभिभावक |
|---|---|---|---|---|---|---|
| १ | पञ्चरत्न मा.वि. | १ | १ | ३ | ३ | ३ |
| २ | मोहनमाया मा.वि. | १ | १ | ३ | ३ | ३ |
| ३ | वीर अमरसिंह उ.मा.वि. | १ | १ | ३ | ३ | ३ |
| | जम्मा | ३ | ३ | ९ | ९ | ९ |

### ३.२.३ नमुना छनौट विधि

यस अध्ययनलाई पूरा गर्नका लागि मुख्यतया उद्देश्यपूर्ण नमुना छनौट विधि, सम्भावनायुक्त नमुना छनौट विधि र सुविधायुक्त नमुना छनौट विधिलाई अवलम्बन गरिएको छ । यस अध्ययनका लागि प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उद्देश्यमूलक नमुना छनौट विधिबाट, शिक्षक, विद्यार्थी र विद्यालय छनौट गर्दा सम्भावनायुक्त नमुना छनौट विधि र अभिभावक छनौटमा सुविधायुक्त नमुना छनौट विधि प्रयोग गरिएको छ ।

## ३.३ अनुसन्धानका साधनहरू

यस अध्ययनलाई सफल बनाउन छनौटमा परेका विद्यालयका प्रधानाध्यापक वि.व्य.स. अध्यक्ष, शिक्षक, विद्यार्थी र अभिभावकका अन्तरवार्ता प्रश्नावलीलाई अनुसन्धानका साधनको रुपमा प्रयोग गरिएको छ । यसै गरी विद्यार्थीको भर्ना, शैक्षिक उपलब्धि, शैक्षिक क्षतिको अध्ययन गर्न विद्यालयका अभिलेखहरूको अध्ययन गरिएको छ । यस अध्ययनलाई तथ्यपरक र विश्वसनीय बनाउन निम्नानुसारका साधनहरूलाई प्रयोग गरिएको छ ।

### क. प्रश्नावली

बालबालिकाको शैक्षिक पहुँच पत्ता लगाउन विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक, विद्यार्थी र अभिभावकबाट प्रश्नावली मार्फत सूचना प्राप्त गरी व्याख्या विश्लेषण गरिएको छ । (प्रश्नावलीको नमुना अनुसूची १ देखि ५ मा संलग्न गरिएको छ ।)

### ख. अन्तरवार्ता

बालबालिकाको शैक्षिक पहुँच पत्ता लगाउन विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग असंरचित अन्तरवार्ता सञ्चालन गरी जानकारी प्राप्त गरिएको छ ।

### ग. विद्यालय सर्वेक्षण फाराम

बालबालिकाको शैक्षिक पहुँचबारे सूचनाहरू प्राप्त गर्न विद्यालयका विभिन्न पक्षहरूको अवलोकन गरी टिपोट गरिएको छ । सर्वेक्षण फारामको नमुना अनुसूची ६ मा संलग्न गरिएको छ ।)

### घ. समूह छलफल

यस अध्ययनमा विद्यार्थीहरू र तिनका अभिभावकहरूसँग समूह छलफल गराइएको छ । विद्यार्थी-विद्यार्थी बीच र अभिभावक स्तरमा समेत छलफल चलाई प्राप्त सूचनाहरूलाई सङ्कलन गरी विश्लेषण गरिएको छ ।

### ङ. अभिलेख अध्ययन

प्रस्तावित अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क एवं सूचनाहरू प्राप्त गर्न गा.वि.स. तथा नमुना विद्यालयका विभिन्न अभिलेखहरू तथा बालबालिकाको शैक्षिक अवस्थासँग सम्बन्धित विभिन्न लेख रचना, पत्रपत्रिका एवं पुस्तकहरूको समेत अध्ययन गरिएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरू

यस अध्ययनलाई विस्तारित रुपमा अघि बढाउन र अध्ययनलाई यथार्थपरक बनाउन तथ्याङ्क सङ्कलन गर्ने क्रममा निम्न अनुसार स्रोतलाई प्रयोग गरिएको छ।

### ३.४.१ प्राथमिक स्रोत

प्राथमिक स्रोत अन्तर्गत नमुना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकलाई प्रश्नावली वितरण गरी शोधकर्ताकै उपस्थितिमा भर्न लगाइएको छ । सरोकारवाला पक्षसँग सामूहिक छलफल गरी उनीहरूको विचार र निष्कर्षलाई पनि प्राथमिक स्रोतको रुपमा प्रयोग गरिएको छ । विद्यालयका प्रधानाध्यापक तथा वि.व्य.स अध्यक्षसँग अन्तरवार्ता लिई सूचना सङ्कलन गरिएको छ।

### ३.४.२ द्वितीय स्रोत

द्वितीय स्रोत अन्तर्गत विद्यालयको शैक्षिक तथ्याङ्क र स्थानीय निकायबाट प्राप्त तथ्याङ्कको प्रयोग गरिनएकाछ । यसमा विद्यालयको विद्यार्थी भर्ना वही, विद्यार्थी हाजिरी वही, वर्षिक परीक्षा लब्धाङक वही जस्ता अभिलेखहरू प्रयोग गरिएको छ । यसै गरी यस अध्ययनसँग सम्बन्धित शोधपत्रहरू, विभिन्न लेख रचना आदिलाई समेत द्वितीय स्रोतको रुपमा यस अध्ययनमा प्रयोगमा ल्याइएको छ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस अध्ययनको उद्देश्य पूरा गर्न परिमाणात्मक र गुणात्मक दुवै प्रकृतिका तथ्याङ्क र सूचनाहरू आवश्यक पर्ने भएकोले सोही अनुसारका तथ्याङ्क र सूचनाहरू सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलन गर्दा शोधकर्ता आफैं सम्बन्धित विद्यालयमा गई त्यस विद्यालयका प्रधानाध्यापक, वि.व्य.स. अध्यक्ष, शिक्षक र विद्यार्थी तथा अभिभावकसँग सम्बन्ध स्थापित गरी यो अध्ययनको प्रयोजनबारे जानकारी गराई सम्बन्धित सरोकारवालाबाट सत्य तथ्य जानकारी लिने प्रयत्न गरिएको छ । प्राथमिक तथ्याङ्कहरू मौलिक हुने भएकोले शोधकर्ता आफैंले प्रश्नावली, अन्तरवार्ता, अवलोकन, अनुसूची निर्माण गरी सम्बन्धित व्यक्तिहरूसँग अनुमति र स्वीकृति लिई

स्थलगत क्षेत्रबाटै तथ्याङ्कहरू र विचारहरूको सङ्कलन गरिएको छ । यसै गरी लिखित दस्तावेजहरूको तुलनात्मक अध्ययन गरिएको छ र विभिन्न जनसङ्ख्याबाट लिइएका विचार, राय तथा तथ्य तथ्याङ्कहरूको तुलनात्मक विश्लेषण गरी तार्किक निष्कर्षद्वारा प्रमाणिकता सुनिश्चित गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

तथ्याङ्कहरूको सङकलन गर्ने कार्य पूरा गरी सकेपछि सङ्कलित तथ्याङ्कहरू र सूचनाहरूलाई स्रोत र विषयवस्तुका आधारमा अलग अलग रुपमा तालिकीकरण गरिएको छ । प्रश्नावली, अन्तवार्ता, लिखित दस्तावेज, अध्ययन अवलोकन आदिबाट प्राप्त सूचना, टिपोट तथा तथ्याङ्कहरूलाई स्पष्ट पार्न आवश्यकता अनुसार वृत्तचित्र, स्तम्भचित्र, रेखाचित्र र अन्य तथ्याङ्कशास्त्रीय विधिहरूको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

# नतिजाको छलफल

## ४.१ शैक्षिक सहभागिताको अवस्था

### ४.१.१ अध्ययन क्षेत्र चारपाने गा.वि.स. को सामान्य परिचय

झापा जिल्ला नेपाल अधिराज्यको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत सुदुर पूर्वी तराईको सवैभन्दा बढी जनघनत्व भएको एक विकसित जिल्ला हो । समुन्द्र सतहबाट ५८ मि. देखि ८० मि. सम्मको उचाइमा रहेको यो जिल्ला २६$^{\circ}$ २०' देखि २६$^{\circ}$ ५०' उत्तरी आक्षांश र ८७$^{\circ}$ ३९' देखि ८८$^{\circ}$ १२' पूर्वी देशान्तरमा अवस्थित छ । यस जिल्लाको पूर्व पश्चिमको औसत चौडाइ २९ किलोमिटर छ । यस जिल्लामा जम्मा ३ वटा नगरपालिका र ४७ वटा गाउँ विकास समितिहरू रहेका छन् । यस जिल्लाको कुल क्षेत्रफल १६०६ वर्ग किलोमिटर अर्थात १५६५०० हेक्टर रहेको छ (तथ्याङ्क विभाग, २००१) ।

यस अध्ययनको अध्ययन क्षेत्र चारपाने गा.वि.स. झापाका ४७ वटा गा.वि.स. मध्येको एक हो । झापा जिल्लाको पूर्व उत्तरको भागमा पर्ने यो गा.वि.स. पूर्वी नेपालको महत्त्वपूर्ण व्यापारिक केन्द्र विर्तामोडसँगै जोडिएर रहेकोले विर्तामोडको केही भाग यसै गा.वि.स. क्षेत्रभित्र पर्दछ । यस गा.वि.स. को सीमाना पूर्वमा अनारमनी गा.वि.स., पश्चिममा घैलाडुब्बा गा.वि.स., उत्तरमा अर्जुनधारा गा.वि.स. र दक्षिणमा चकचकी र डाँगीवारी गा.वि.स. पर्दछन् ।

### ४.१.२ जनसंख्याको वडागत तथ्याङ्क

अध्ययन क्षेत्र चारपाने गा.वि.स.मा वडागत रुपमा बसोबासको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २ : सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाको वडागत तथ्याङ्क**

| क्र. सं. | वडा नं. | जनसङ्ख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | | | विद्यालय उमेरका बालबालिका | | | प्रतिशत | | |
| | | म | पु | जम्मा | छात्रा | छात्र | जम्मा | म | पु | जम्मा |
| १ | १ | १३१५ | १२८२ | २५९७ | ६८ | ६४ | १३२ | २.५ | २.४ | २.५ |
| २ | २ | ३९० | ३४२ | ७३२ | १०८ | १०२ | २१० | १३.८५ | १४.९२ | १४.३४ |
| ३ | ३ | १०६९ | ११०० | २१६९ | १२६ | १२२ | २४८ | ५.८९ | ५.५४ | ५.७१ |
| ४ | ४ | ४९० | ५०८ | ९९८ | १७० | १६२ | ३३२ | १७.३५ | १५.९४ | १६.६३ |
| ५ | ५ | ३८५ | ३७६ | ७६१ | ९६ | ९० | १८६ | १२.४७ | ११.९७ | १२.२२ |
| ६ | ६ | ४१३ | ४०८ | ८२१ | ११८ | ११४ | २३२ | १४.२८ | १३.९७ | १४.१३ |
| ७ | ७ | ४८७ | ४८० | ९६७ | ९८ | ९६ | १९४ | १०.०६ | १० | १०.०३ |
| ८ | ८ | ५१२ | ५०७ | १०१९ | १३४ | १२६ | २६० | १३.०८ | १२.४३ | १२.७६ |
| ९ | ९ | २५७ | २५३ | ५१० | १०६ | १०२ | २०८ | २०.६२ | २०.१६ | २०.३९ |
| | जम्मा | ५३१८ | ५२५६ | १०५७४ | १०२४ | ९७८ | २००२ | ९.६३ | ९.३१ | ९.४७ |

स्रोत : चारपाने गा.वि.स. प्रोफाइल, २०६८

उपर्युक्त तालिकालाई विश्लेषण गर्दा चारपाने गा.वि.स. भित्र विद्यालय उमेरका बालबालिकाको कुल जनसङ्ख्या २००२ देखिन्छ । यसमध्ये सबैभन्दा बढी ३३२ जना वडा नं. ४ मा र सबैभन्दा कम १३२ जना वडा नं. १ मा रहेको देखिन्छ ।

### ४.१.३ बालबालिकाको शैक्षिक सहभागिता

अध्ययन क्षेत्रभित्रका नमुना छनौटमा परेका विद्यालयहरूमा अध्ययनरत बालबालिकाको तथ्याङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका ३ : बालबालिकाको शैक्षिक सहभागिता**

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| १ | ४४ | ६६ | ११० |
| २ | ४८ | ७४ | १२२ |
| ३ | ६१ | ८१ | १४२ |
| ४ | ६० | ५६ | ११६ |
| ५ | ५० | ५६ | १०६ |
| जम्मा | २६३ | ३३३ | ५९६ |

स्रोतः स्थलगत सर्भेक्षण, २०६९

उक्त तथ्याङ्कलाई निम्नानुसार वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र २ :  बालबालिकाको शैक्षिक सहभागिता**




माथिको तालिका र वृत्तचित्रबाट बालबालिकाहरूको प्राथमिक तहमा सहभागिता विश्लेषण गर्दा छात्राहरू २६३ जना (४५.०६%) रहेका छन् भने छात्रको ३३४ जना (५४.९३%) देखिन आउँछ । यसरी हेर्दा छात्राहरूभन्दा छात्रहरू ९.८७ प्रतिशतले बढी देखिन आउँछ ।

### ४.१.४. बालबालिकाको विद्यालय भर्ना अवस्था

नमुना छनौटमा परेका विद्यालयहरूमा बालबालिकाको भर्नाको स्थिति सम्बन्धमा प्राप्त जानकारीलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४ : कक्षागत भर्ना अवस्था**

| कक्षा | विवरण | विद्यालय | | | जम्मा |
|---|---|---|---|---|---|
| | | वीर अमरसिंह | पञ्चरत्न | मोहनमाया | |
| १ | छात्रा | १४ | १८ | १२ | ४४ |
| | छात्र | २८ | २२ | १६ | ६६ |
| | जम्मा | ४२ | ४० | २८ | ११० |
| २ | छात्रा | २४ | २० | १४ | ५८ |
| | छात्र | २८ | २४ | २२ | ७४ |
| | जम्मा | ५२ | ४४ | ३६ | १३२ |
| ३ | छात्रा | ३० | १८ | १४ | ६२ |
| | छात्र | ३६ | २४ | २२ | ८२ |
| | जम्मा | ६६ | ४० | ३६ | १४२ |
| ४ | छात्रा | २६ | २० | १४ | ६० |
| | छात्र | २६ | २० | १० | ५६ |
| | जम्मा | ५२ | ४० | २४ | ११६ |
| ५ | छात्रा | २० | १६ | १४ | ५० |
| | छात्र | २४ | १८ | १४ | ५६ |
| | जम्मा | ४४ | ३४ | २८ | १०६ |
| कुल | छात्रा | ११४ | ९२ | ६८ | २६४ |
| | छात्र | १४२ | १०८ | ८४ | ३३४ |
| | जम्मा | १२८ | १९८ | १५२ | ६०६ |

स्रोत : स्थलगत अध्ययन, २०६९

माथिको तालिकाबाट विद्यालयगत रुपमा विद्यार्थी भर्नाको समग्रमा विश्लेषण गर्दा बालबाविकाहरूको सहभागिता छात्राहरूको तुलनामा छात्रहरू बढी देखिन आउँछन् । सबैभन्दा बढी विद्यार्थीहरू कक्षा ३ मा ७२ जना भर्ना भएको देखिन्छ भने सबभन्दा कम कक्षा कक्षा ५ मा ५३ जना देखिन्छ । विद्यालयगत रुपमा सबभन्दा बढी वीर अमरसिंह उ.मा.वि. मा १२८ जना भर्ना भएको देखिन्छ भने सबैभन्दा कम मोहनमाया मा.वि. मा ७६ जना देखिन्छ । तुलनात्मक रुपमा छात्राहरूभन्दा छात्रहरू लगभग १५.७८ प्रतिशत बढी भर्ना भएको देखिन आउँछ ।

अध्ययन क्षेत्रमा रहेका नमुना छनौटमा परेका विद्यालयहरूमा विद्यालयगत रुपमा सन्थाल बालबालिकाको शैक्षिक सहभागितालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका ५ : सामुदायिक विद्यालयमा विद्यालयगत भर्ना अवस्था**

| विद्यालयको नाम | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| वीर अमरसिंह | ११४ | १४२ | २५६ |
| पञ्चरत्न | ९२ | १०८ | २०० |
| मोहनमाया | ६८ | ८४ | १५२ |
| जम्मा | २६४ | ३३४ | ६०८ |

स्रोत : स्थलगत अध्ययन, २०६८

उक्त तथ्याङ्कलाई स्तम्भचित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

चित्र ३ : विद्यालयगत भर्ना अवस्था




बालबालिकाको विद्यालयमा भर्ना दरलाई विश्लेषण गर्दा संख्यात्मक रुपमा वीर अम्मरसिंह मा.वि मा सबैभन्दा बढी १२८ जना र मोहनमाया मा.वि. मा सबैभन्दा कम ७६ जना भर्ना भएको देखिन्छ ।

## ४.२ कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दर

अध्ययनरत बालबालिकाको विद्यालयमा भर्ना भई शैक्षिक शत्र पुरा नगरी बीचमा कक्षा छोड्नेको दर तथा शैक्षिक सत्र पूरा गरेका तर अनुत्तीर्ण भई कक्षा दोहोऱ्याउनेको दर निम्नानुसार तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

### ४.२.१ कक्षा छोड्ने अवस्था

बालबालिकाको नमुना छनौटमा परेका विद्यालयका कक्षा १ देखि ५ सम्मका छात्रा र छात्रको कक्षा छोड्ने दर निम्न तालिका अनुसार विश्लेषण गरिएको छ ।

**तालिका ६ : कक्षा छोड्ने अवस्था**

| कक्षा | विवरण | विद्यालय | | | जम्मा |
|---|---|---|---|---|---|
| | | वीर अमरसिंह | पञ्चरत्न | मोहनमाया | |
| १ | छात्रा | ६ | ४ | २ | १२ |
| | छात्र | ४ | ६ | – | १० |
| | जम्मा | १० | १० | २ | २२ |
| २ | छात्रा | २ | ८ | – | १० |
| | छात्र | ४ | ४ | २ | १० |
| | जम्मा | ६ | १२ | २ | २० |
| ३ | छात्रा | २ | २ | ४ | ८ |
| | छात्र | २ | – | ४ | ६ |
| | जम्मा | ४ | २ | ८ | १४ |
| ४ | छात्रा | ४ | ४ | ४ | १२ |
| | छात्र | ६ | – | ४ | १० |
| | जम्मा | १० | ४ | ८ | २२ |
| ५ | छात्रा | ४ | – | – | ४ |
| | छात्र | ४ | ६ | ४ | १४ |
| | जम्मा | ८ | ६ | ४ | १८ |
| कुल | छात्रा | १८ | १९ | १० | ४६ |
| | छात्र | २० | १६ | १४ | ५० |
| | जम्मा | ३८ | ३४ | २४ | ९६ |

स्रोत : स्थलगत अध्ययन, २०६९

तालिका ६ अनुसार जम्मा ९६ जना (१५.७९%) ले विद्यालय छोड्ने गरेको पाइन्छ । जसमध्ये छात्राहरू ४६ जना (७.५७%) र छात्रहरू ५० जना (८.२२%) रहेको पाइन्छ । कक्षा छोड्नेहरू मध्ये वीर अमरसिंह उ.मा.वि.मा १८ छात्रा र २० छात्र गरी ३८ जना, पञ्चरत्न मा.वि. मा १८ छात्रा र १६ छात्र गरी ३४ जना र मोहनमाया मा.वि. मा १० छात्रा र १४ छात्र गरी २४ जना रहेका छन् । बालबालिकाहरूले बीचैमा

विद्यालय छोड्नुपर्ने कारण कोही परीक्षामा असफल भएर, कोही अर्काको घरमा काम गर्न गएर, केहीलाई अभिभावकले राम्रोसँग ध्यान नदिएर विद्यालय छोड्ने गरेको कुरा अन्तरवार्ताबाट जानकारी भएको छ ।

### ४.२.१.१ विद्यालयगत कक्षा छोड्नेको अवस्था

यहाँका मानिसहरू अध्ययन क्षेत्रका विभिन्न भागमा छरिएर रहेको हुनाले एउटै मात्र विद्यालयमा उनीहरूको पहुँच रहने अवस्था नभएकाले विभिन्न वडाहरूमा बसोबास गर्ने मानिसहरूले आफूलाई बढी पायक पर्ने विद्यालयहरुमा आफ्ना नानीहरुलाई पठाउने गरेकोले वीर अमरसिंह उच्च माध्यमिक विद्यालयमा बढी विद्यार्थीको सहभागिता देखिन्छ । अध्ययन क्षेत्रका विद्यालयहरूमा शैक्षिक सत्र २०६८ मा विद्यालय छोड्ने विद्यार्थीको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका ७ : विद्यालयगत कक्षा छोड्ने अवस्था**

| विद्यालय | भर्ना | | | कक्षा छोड्ने | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| वीर अमरसिंह | ११४ | १४२ | २५६ | १८ | २० | ३८ | १५.७९ | १४.०८ | १४.८४ |
| पञ्चरत्न | ९२ | १०८ | २०० | १८ | १६ | ३४ | १९.५६ | १४.८१ | १७ |
| मोहनमाया | ६८ | ८४ | १५२ | १० | १४ | २४ | १४.७ | १७.०२ | १५.७९ |
| जम्मा | २७४ | ३३४ | ६०८ | ४६ | ५० | ९६ | १६.७९ | १४.९७ | १५.७९ |

स्रोत : स्थलगत अध्ययन, २०६९

उक्त तथ्याङ्कलाई स्तम्भचित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

चित्र ४ : कक्षा छोड्ने विवरण




तालिका ७ तथा चित्र ४ अनुसार वीर अमरसिंह उच्च माध्यमिक विद्यालयमा शैक्षिक वर्ष २०६८ मा १८ छात्रा (१५.७९%) र २० छात्र (१४.०८%) गरी ३८ जना (१४.८४%) ले बीचैमा विद्यालय छोडेको पाइन्छ । त्यसरी नै पञ्चरत्न माध्यमिक विद्यालयमा १८ छात्रा (१९.५६%) र १६ छात्र (१४.८१%) गरी ३४ जना (१७%) ले र मोहनमाया माध्यमिक विद्यालयमा १० छात्रा (१४.७%) र १४ छात्र (१७.०२%) गरी २४ जना (१५.७९%) ले बीचैमा विद्यालय छोडेको पाइन्छ ।

### ४.२.२ कक्षा दोहाऱ्याउने अवस्था

बालबालिकाहरुको शैक्षिक सत्र पूरा गरी अनुत्तीर्ण भई कक्षा दोहोऱ्याउनेको दर पत्ता लगाउन निम्न तालिका अनुसार विश्लेषण गरिएको छ ।

**तालिका ८ : कक्षा दोहाऱ्याउने अवस्था**

| कक्षा | विवरण | विद्यालय | | | जम्मा |
|---|---|---|---|---|---|
| | | वीर अमरसिंह | पञ्चरत्न | मोहनमाया | |
| १ | छात्रा | २ | ४ | २ | ८ |
| | छात्र | २ | २ | २ | ६ |
| | जम्मा | ४ | ६ | ४ | १४ |
| २ | छात्रा | ४ | – | – | ४ |
| | छात्र | – | २ | २ | ४ |
| | जम्मा | ४ | २ | २ | ८ |
| ३ | छात्रा | २ | ४ | २ | ८ |
| | छात्र | ४ | ४ | ४ | १२ |
| | जम्मा | ६ | ८ | ६ | २० |
| ४ | छात्रा | ४ | – | ४ | ८ |
| | छात्र | ६ | २ | २ | १० |
| | जम्मा | १० | २ | ६ | १६ |
| ५ | छात्रा | ४ | २ | २ | ८ |
| | छात्र | ४ | ६ | २ | १२ |
| | जम्मा | ८ | ८ | ४ | २० |
| कुल | छात्रा | १६ | १० | ८ | ३४ |
| | छात्र | १६ | १६ | १२ | ४४ |
| | जम्मा | ३२ | २६ | २० | ७८ |

स्रोत : स्थलगत अध्ययन, २०६९

माथिको तालिकाको अध्ययन गर्दा सबैभन्दा बढी कक्षा दोहोऱ्याउने सङ्ख्या वीर अमरसिंह उच्च माध्यमिक विद्यालयमा ३२ जना (१२.५%) र सबैभन्दा कम मोहनमाया माध्यमिक विद्यालयमा २० जना (१३.१६%) रहेको देखिन्छ । समग्रमा विद्यालय भर्ना भएका मध्ये ७८ जना (१२.८३%) विद्यार्थीले कक्षा दोहोऱ्याएको देखिन्छ ।

### ४.२.२.१ विद्यालयगत कक्षा दोहोऱ्याउने अवस्था

अध्ययन क्षेत्रभित्रका नमुना छनौटमा परेका विद्यालयहरूको विद्यालयगत कक्षा दोहोऱ्याउनेको विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।


**तालिका ९ : विद्यालयगत कक्षा दोहोऱ्याउने अवस्था**

| विद्यालय | भर्ना | | | कक्षा दोहोऱ्याउने | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| वीर अमरसिंह | ११४ | १४२ | २५६ | १६ | १६ | ३२ | १४.०३ | ११.४६ | १२.५ |
| पञ्चरत्न | ९२ | १०८ | २०० | १० | १६ | २६ | १०.८७ | १४.८१ | १३ |
| मोहनमाया | ६८ | ८४ | १५२ | ८ | १२ | २० | ११.७६ | १४.२९ | १३.१६ |
| जम्मा | २७४ | ३३४ | ६०८ | ३४ | ४४ | ७८ | १२.४१ | १३.१७ | १२.८३ |

स्रोत : स्थलगत अध्ययन, २०६९

उक्त तथ्याङ्कलाई स्तम्भचित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ।

**चित्र ५ : कक्षा दोहोऱ्याउने अवस्था**



माथिको तालिका तथा स्तम्भचित्रलाई विश्लेषण गर्दा सबैभन्दा बढी कक्षा दोहोऱ्याउने विद्यार्थी वीर अमरसिंह उच्च माध्यमिक विद्यालयमा र सबैन्दा कम कक्षा दोहोऱ्याउने विद्यार्थी मोहनमाया माध्यमिक विद्यालयमा देखिन्छ । भर्ना भएका विद्यार्थीको अनुपातमा कक्षा दोहोऱ्याउने दरलाई हेर्दा वीर अमरसिंह उच्च माध्यमिक विद्यालयमा १२.५ प्रतिशत, पञ्चरत्न माध्यमिक विद्यालयमा १३ प्रतिशत र मोहनमाया माध्यमिक विद्यालयमा १३.१६ प्रतिशत विद्यार्थीले कक्षा दोहोऱ्याउने गरेको पाइएको छ ।

## ४.३ बालबालिकाको शैक्षिक उपलब्धि

बालबालिकाको शैक्षिक सत्र २०६८ सालको शैक्षिक उपलब्धिलाई अध्ययन गर्दा पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धिहरूलाई हासिल गर्न प्रयासरत देखिन्छ । सामुदायिक विद्यँलयका बालबालिका संस्थागत विद्यालयका बालबालिकाको तुलनामा नयून सङ्ख्यामा प्रतिस्पर्धामा आएको पाइन्छ । बालबालिकाको शैक्षिक प्रगतिलाई निम्नानुसारको तालिकाहरू प्रयोग गरी विश्लेषण गरिएको छ ।

### ४.३.१ बालबालिकाको कक्षा उत्तीर्ण अवस्था

प्रस्तुत अध्ययनको तथ्याङ्क सङ्कलनको क्रममा नमुना छनौटमा परेका विद्यालयहरूका विद्यार्थीहरूको कक्षा उत्तीर्ण दरको अवस्था सम्बन्धमा निम्नानुसार जानकारी प्राप्त भएको छ ।


तालिका १० : विद्यालयगत कक्षा उत्तीर्ण अवस्था

| विद्यालयको नाम | भर्ना | | | परीक्षामा सामेल | | | उत्तीर्ण | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| वीर अमरसिंह | ११४ | १४२ | २५६ | ९६ | १२२ | २१८ | ९२ | ११४ | २०६ | ८०.४७ |
| पञ्चरत्न | ९२ | १०८ | २०० | ७४ | ९२ | १६६ | ६० | ८२ | १४२ | ७१ |
| मोहनमाया | ६८ | ८४ | १५२ | ५८ | ७० | १२८ | ४२ | ५६ | ९८ | ६४.४७ |
| जम्मा | २७४ | ३३४ | ६०८ | २२८ | २८४ | ५१२ | १९४ | २५२ | ४४६ | ७३.३६ |

स्रोत : स्थलगत अध्ययन, २०६९

उक्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भचित्रमा प्रस्तुत गरिएको छ।

**चित्र ६ : कक्षा उत्तीर्ण अवस्था**




माथिको तालिका र स्तम्भचित्रको अध्ययनबाट वीर अमरसिंह उच्च मा.वि. मा सबै विद्यालयहरूको भन्दा बढी उत्तीर्ण भएको पाइन्छ जहाँ छात्रा ९२ जना र छात्र ११४ जना गरी जम्मा २०६ जना (८०.४७%) उत्तीर्ण भएका छन् । पञ्चरत्न मा. वि मा छात्रा ६० जना र छात्र ८२ जना गरी जम्मा १४२ जना (७१%) उत्तीर्ण भएका छन् । मोहनमाया मा. वि.मा छात्रा ४२ जना र छात्र ५६ जना गरी जम्मा ९८ जना (७३.३६%) उत्तीर्ण भएको पाइन्छ ।

### ४.३.२ बालबालिकाको कक्षा अनुत्तीर्ण अवस्था

हाल नेपाल सरकारको नीति वमोजिम उदार कक्षोन्नति नीति लागू भएको हुँदाहुँदै पनि विद्यालय उपस्थितिको अनियमितताको कारणहरूल सामुदायिक विद्यालयका बालबालिकाहरूको शैक्षिक उपलब्धि न्यून देखिन्छ । परीक्षामा सामेल भएर अनुत्तीर्ण हुने विद्यार्थीहरूको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका ११ : विद्यालयगत कक्षा अनुत्तीर्ण अवस्था**

| विद्यालयको नाम | भर्ना | | | परीक्षामा सामेल | | | अनुत्तीर्ण | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| वीर अमरसिंह | ११४ | १४२ | २५६ | ९६ | १२२ | २१८ | ४ | ८ | १२ | ४.६८ |
| पञ्चरत्न | ९२ | १०८ | २०० | ७४ | ९२ | १६६ | १४ | १० | २४ | १२ |
| मोहनमाया | ६८ | ८४ | १५२ | ५८ | ७० | १२८ | १६ | १४ | ३० | १९.७ |
| जम्मा | २७४ | ३३४ | ६०८ | २२८ | २८४ | ५१२ | ३४ | ३२ | ६६ | १०.८५ |

स्रोत : स्थलगत अध्ययन, २०६९

यस तथ्याङ्कलाई स्तम्भचित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**चित्र ७ : कक्षा अनुत्तीर्णको अवस्था**




तालिका तथा स्तम्भचित्र अनुसार वीर अमरसिंह उच्च माध्यमिक विद्यालयमा छात्रा ४ जना र छात्र ८ जना गरी जम्मा १२ जना (४.६८%) अनुत्तीर्ण भएका छन् । पञ्चरत्न

मा. वि. मा १० जना छात्रा र १४ जना छात्र गरी २४ जना (१२%) ले अनुत्तीर्ण गरेको पाइन्छ । त्यस्तै मोहनमाया माध्यमिक विद्यालयमा १६ छात्रा र १४ छात्र गरी ३० जना (१९.७%) अनुत्तीर्ण भएको पाइन्छ ।

### ४.३.३ समग्रमा विद्यार्थीहरूको शैक्षिक उपलब्धि विवरण

सामुदायिक विद्यालयका विद्यार्थीहरूको सम्पूर्ण शैक्षिक गतिविधि सम्बन्धी तथ्याङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका १२ : समग्र शैक्षिक उपलब्धि विवरण**

| विवरण | छात्रा | छात्र | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| भर्ना भएका जम्मा विद्यार्थी संख्या | २७४ | ३३४ | ६०८ | १०० |
| परीक्षामा सामेल भएका विद्यार्थी संख्या | २१४ | २५२ | ५१२ | ८४.२१ |
| उत्तीर्ण हुने जम्मा विद्यार्थी संख्या | १९४ | २५२ | ४४६ | ७३.३६ |
| अनुत्तीर्ण हुने जम्मा विद्यार्थी संख्या | ३४ | ३२ | ६६ | १०.८५ |
| कक्षा छोड्ने जम्मा विद्यार्थी संख्या | ४६ | ५० | ९६ | १५.७९ |
| कक्षा दोहोऱ्याउने जम्मा विद्यार्थी संख्या | ३४ | ४४ | ७८ | १२.८३ |

स्रोत : स्थलगत अध्ययन, २०६९

उक्त तथ्याङ्कलाई वृत्तचित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**चित्र ८ : समग्र शैक्षिक उपलब्धि**




उपर्युक्त तालिका तथा वृत्तचित्रको विश्लेषण गर्दा विद्यालयमा भर्ना भएका सन्थाल विद्यार्थी मध्ये १५.७९ प्रतिशत विद्यार्थीले शैक्षिक सत्र पूरा नगरी बीचैमा विद्यालय छोडेको देखिन्छ । शैक्षिक सत्र पूरा गरी परीक्षामा सामेल भएका विद्यार्थीहरूमा १०.८५ प्रतिशत विद्यार्थीहरू अनुत्तीर्ण भएको देखिन्छ । त्यसरी नै भर्ना भएका विद्यार्थीहरू मध्ये १२.८३ प्रतिशत विद्यार्थीहरूले कक्षा दोहोऱ्याएको देखिन्छ । यसरी समग्रमा विद्यालयमा भर्ना भएका विद्यार्थीहरू मध्ये ७३.३६ प्रतिशत विद्यार्थी मात्र माथिल्लो कक्षामा जाने गरेको देखिन्छ ।

## ४.४ शैक्षिक उपलब्धि न्यून हुनका कारणहरू

यहाँका बालबालिकाको शैक्षिक उपलब्धि अन्य संस्थागत विद्यालयका बालबालिकाको तुलनामा न्यून रहेको पाइन्छ । यसो हुनुमा यहाँका मानिसहरु अलपसङख्यक तथा विपन्न हुनु हो । उनीहरूको आर्थिक अवस्था कमजोर भएको कारण आधारभूत आवश्यकताका चाहनाहरू गाँस, बास, कपडा आदि जुटाउनमा नै व्यस्त हुन्छन् जसले गर्दा विद्यालय भर्ना र यसका लागि आवश्यक सामग्री जुटाउन नसकी शिक्षाप्रति चासो देखाउन सक्दैनन् । अभिभावकहरूमा शैक्षिक चेतनाको कमी हुनु नै बालबालिकाको सिकाइ उपलब्धिमा प्रभाव परेको देखिन्छ । बालबालिका कोही कोही

भोकै विद्यालय आउने र बीचमा भागेर घर जाने कारण सिकाइमा बाधा पर्न गई उपलब्धिमा ह्रास हुन गएको पाइन्छ । बालबालिकालाई विद्यालयमा नियमित कक्षामा उपस्थित नभई घरको कामकाजमा अभिभावकले लगाउनु, बालबालिकालाई घरमा अध्ययन गर्ने वातावरणको अवसर कम हुनु, उनीहरू स्वयं सिकाइमा उत्प्रेरित नहुनु, उनीहरू चरा तथा माछा मार्न बढी रुचाउनु, छात्राहरूलाई कम उमेरमा विवाह गरेर पठाउनु, यी बालबालिका नयाँ मानिस देख्दा लजाएर नबोल्नु, लुक्नु गर्नाले विद्यालयमा सहज भएर पढ्न नसक्नु, घरमा अभिभावकबाट सिकाइमा कम सहयोग पाउनु, अन्य मानिस तथा छिमेकीको घरमा विहान बेलुका काम सघाउन बस्नु आदि कुराले सिकाइ उपलब्धिमा प्रभाव पारेको पाइन्छ ।

यहाँका बालबालिका विद्यालयमा भर्ना भएता पनि बीचैमा कक्षा छोड्नाले शैक्षिक उपलब्धि न्यून भएको देखिन्छ । यस क्षेत्रका बालबालिका अनुत्तीर्ण भई कक्षा दोहोऱ्याए पनि खासै शैक्षिक प्रगति नभएको पाइन्छ ।समुदायका बालबालिका कोही कोही घरमा खेलेर बसेको देखिन्छ । किन स्कुल नगएको भनी सोध्दा पढेर के हुन्छ बरु काम गर्न गयो भने पैसा आउँछ भनी उत्तर दिन्छन् । यसरी बालबालिकाले पढ्ने सहज अवसर नपाउँदा शैक्षिक उपलब्धिमा असर पर्दछ । अभिभावकले बालबालिकालाई टाढा टाढासम्म पनि अन्य समुदायको घरमा काम गर्न पठाउनु, विद्यालयमा बालमैत्री शिक्षण वातावरणको पर्याप्त अवसर सिर्जना गर्न नसक्नु, सबै विद्यालयमा उदार कक्षोन्नति नीति लागू गर्न नसक्नु, कमजोर बालबालिकाको लागि अतिरिक्त कक्षाको व्यवस्था नहुनु आदि शैक्षिक उपलब्धि न्यून हुने कारणहरू हुन् ।

## ४.५ शैक्षिक सहभागिता र उपलब्धि बढाउने उपायहरू

नेपाल सरकारले विभिन्न वर्ग र समुदायका बालबालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था गरेको छ । यस रकममा केही वृद्धि गर्न सके विपन्न वर्गका बालबालिकालाई विद्यालयमा सहभागिता बढाउन सहयोग पुग्ने थियो । विपन्न वर्गका अभिभावकहरूलाई शैक्षिक चेतना जगाउने गरी कार्यक्रमहरूको योजना बनाई लागू गर्नु, पिछडिएका मानिसहरूको आधारभूत आवश्यकता पूरा भएमा, अभिभावकहरूले आफ्ना बालबालिकाको जिम्मेवारी महसुस गरेमा, प्रत्येक अभिभावक भेलामा सधैं

आफ्ना नानीहरूलाई विद्यालयमा नियमित उपस्थित गराउने अभिभावकलाई पुरस्कृत गरेर, बालबालिकालाई कापी, कलम, झोलाको व्यवस्था गरी पुनर्बल प्रदान गरेमा, भर्ना सप्ताह कार्यक्रमलाई प्रभावकारी रुपमा प्रयोग गरेमा, अभिभावक, प्र.अ.तथा शिक्षकको सहभागिता भएको समिति गठन गरी शैक्षिक चेतना फैलाउने कार्य गरेमा यहाँका बालबालिकालाई विद्यालयमा सहभागिता बढाउन सकिने देखिन्छ । विभिन्न सघंसस्थाहरूको सहयोगमा सरसफाइ, स्वास्थ्य, शिक्षा, पौष्टिक आहार सम्बन्धी महिलाहरूलाई प्रशिक्षित गर्दा, बालअधिकार, बालश्रम सम्बन्धी जानकारी गराएमा अभिभावकहरूमा चेतना फैलाउने कार्य गर्दा सहभागिता बढ्ने देखिन्छ ।

बालबालिकाले विद्यालयमा सहज र बालमैत्री वातावरणमा सिकाइ हासिल गर्न सके उनीहरूको शैक्षिक उपलब्धि बढाउन सकिने देखिन्छ । उनीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्दा, अत्यन्त कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षाहरूको व्यवस्था गर्दा, घरमा अभिभावकहरूले अध्ययन गर्ने अवसर प्रदान गर्दा शैक्षिक उपलब्धि बढाउन सकिने देखिन्छ । यस अध्ययनमा उदार कक्षोन्नति नीति लागू भएका विद्यालयमा शैक्षिक प्रगति राम्रो नै भएको पाइएकाले गुणस्तर कायम गर्दै सबै विद्यालयमा उदार कक्षोन्नति नीति लागू गर्नु प्रभावकारी देखिन्छ । निरक्षर अविभावकलाई साक्षर गराउँदा शैक्षिक चेतनाको विकास भई बालबालिकाको शैक्षिक विकासमा सहयोग पुग्ने देखिन्छ ।

## ४.६ प्राप्ति

यस अनुसन्धानको अध्ययन क्षेत्रमा परेका विद्यालयहरूका कक्षा १ देखि ५ सम्मका छात्रा छात्रको भर्ना, उत्तीर्ण, अनुत्तीर्ण, कक्षा छोड्ने कक्षा दोहोर्‍याउनेको सङ्ख्या भिन्नाभिन्नै तालिकामा प्रस्तुत गरी विश्लेषण गर्दा आएका प्राप्तीहरूलाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गरिएको छ ।

अध्ययन क्षेत्रका विद्यालयहरूमा जम्मा ६०८ जना विद्यार्थीहरू भर्ना भएको पाइयो जसमा छात्रा २७४ जना र छात्र ३३४ जना भएको पाइन्छ । विद्यार्थीहरूको उपलब्धि स्थिति त्यति राम्रो पाइँदैन । भर्ना भएका ६०८ जना मध्ये ४६ छात्रा र ५० छात्र गरी

जम्मा ९६ जना (१५.७९%) विद्यार्थीहरूले शैक्षिक सत्र पूरा नगरी बीचैमा विद्यालय छोडेको पाइन्छ । विद्यालयमा शैक्षिक सत्रको अवधिभर अध्ययन गरी परीक्षामा सामेल भएका २१४ छात्रा र २५२ छात्र गरी ४६६ जना (७६.६४%) विद्यार्थीहरू मध्ये १९४ जना छात्रा र २५२ जना छात्र गरी जम्मा ४४६ जना (कुल भर्नाको ७३.३६%) मात्र अन्तिम परीक्षामा उत्तीर्ण भएको पाइन्छ । अन्तिम परीक्षामा अनुत्तीर्ण भई २८ जना छात्र र ४४ जना छात्र गरी जम्मा ७२ जना अर्थात विद्यालय भर्ना भएको मध्ये ११.८४ प्रतिशत विद्यार्थीहरूले कक्षा दोहोऱ्याउने गरेको तथ्य अध्ययनबाट प्राप्त भएको छ । यस समुदायका बालबालिकामध्ये विद्यालयमा शैक्षिक सत्र पूरा गरी अनुत्तीर्ण भई कक्षा दोहोऱ्याउने दरमा छात्राको तुलनामा छात्रको दर बढी देखिएको छ ।

अध्ययनबाट प्राप्त परिणाामहरूको विश्लेषण गर्दा अध्ययन क्षेत्रका बालबालिकाको शैक्षिक उपलब्धि सन्तोषजनक रहेको पाइँदैन । विद्यालय भर्नाको तुलनामा कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दर बढी रहेको पाइएको छ । विद्यालयमा उपस्थितिमा नियमितताको कमीका साथै शैक्षिक जागरणको कमी समेत पाइएको छ ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरू

## ५.१ निष्कर्ष

झापाको चारपाने गा. वि.स. मा अन्य ठाउँको भन्दा बढी जनसंख्या रहेको यस जातिको शैक्षिक अवस्थाको यथार्थ चित्रण गर्न यस शोधको कार्य रहेको छ । यस जातिका मानिसहरूमा शिक्षाप्रति बढी उदासिनता देखिन्छ । आफ्ना बालबालिकालाई विद्यालय पठाउने विषयमा त्यति चासो नराखेको पाइन्छ । विद्यालय पठाएकोमा समेत नियमितता पाइँदैन ।

झापा जिल्लाको चारपाने गा.वि.स. मा सञ्चालित नमुनामा परेका सामुदायिक विद्यालयहरूमा प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको शैक्षिक अवस्था अन्तरगत विद्यालय भर्ना, कक्षा छोड्ने, परीक्षामा सामेल हुने, उत्तीर्ण हुने, अनुत्तीर्ण हुने र कक्षा दोहोर्‍याउने अवस्थासँग सम्बन्धित तथ्याङ्कको अध्ययन विश्लेषण पश्चात निम्न निष्कर्ष निकालिएको छ ।

अध्ययनको नमुनामा परेका विद्यालयहरूमा अध्ययन गर्दा छात्राको संख्या छात्रको भन्दा बढी रहेको पाइएको छ । यस समुदायको बसोबास क्षेत्रलाई लक्षित गरी विद्यालय भर्ना अभियान एवं विद्यालय स्वागत कार्यक्रमलाई सघन रुपमा सञ्चालन गरिएमा विपन्न वर्गका बालबालिकाको विद्यालय पहुँच वृद्धि गर्न सकिने देखिन्छ । विद्यालयमा पाठ्यपुस्तक, खाजा, विद्यालय पोशाकका साथै अन्य छात्रवृत्ति एवं आकर्षक सुविधाहरूको व्यवस्थापन गरी विद्यालयमा टिकाउने कार्यक्रमहरू सञ्चालन गर्न सकेमा विपन्न वर्गका बालबालिकाको विद्यालय पहुँचका साथै सिकाइ उपलब्धि वृद्धि गर्न सकिन्छ । समग्रमा यहाँका बालबालिकाको शैक्षिक पहुँच तथा सिकाइ उपलब्धिमा वृद्धि ल्याउनका लागि विद्यालयको वातावरणलाई बालमैत्री बनाई उनीहरूलाई विद्यालयमा बोलाउने, खेलाउने, टिकाउने र सिकाउने नीति व्यवहारिक रुपमा अख्तियार गर्नु आजको आवश्यकता रहेको निष्कर्ष निकालिएको छ ।

## ५.२ सुझावहरू

यो शोध पत्रको अध्ययन स्नातकोत्तर तहको शिक्षाशास्त्र विषयको आंशिक आवश्यकता पूरा गर्नका लागि गरिएको हुनाले यस अध्ययनबाट निस्किएका वा निकालिएका निष्कर्ष र सुझावहरू सबै ठाउँमा समय र परिस्थिति अनुकुल उपयुक्त नहुन सक्छ । तर यस अध्ययनको क्रममा गरिएका तथ्याङ्क सङ्कलनका विधिहरू अन्तरवार्ता, अवलोकन जस्ता पक्षहरू सामाजिक अनुसन्धानका लागि अपरिहार्य अस्त्रहरू हुन् । यीनै विधिहरूलाई आत्मसात गरिएका कारणले यही क्षेत्रमा यही समुदायका लागि उचित विकास र संरक्षण गर्न सकियोस् भन्नका लागि साथै यिनीहरू पनि मानव हुन् र देश निर्माणमा यिनीहरूको पनि दायित्व छ भन्ने कुरा बुझेर तत्काल सामाजिक न्याय र समानताका लागि निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीति निर्माण तह

पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत यी विपन्न वर्गका बस्तीहरूमा नेपाल सरकारको खास गरेर विकासका सन्दर्भमा पछाडि परेको अवस्थामा र विकासका नाममा भएका निर्माण कार्यहरूबाट यी समुदायहरु शोषित पीडित रहेको देखिएकाले तथ्याङ्कशास्त्रीय आधारमा पनि यी समुदायलाई सम्पूर्ण पक्षहरूबाट पछाडि पारिएको हुनाले सर्वप्रथम यिनै कार्यहरूमा सुधार गर्नुपर्ने देखिन्छ ।

समुदायका मानिसहरूलाई राज्यबाट हुने शिक्षा क्षेत्रका सम्पादनका सकारात्मक पक्षहरूको लिखित दस्तावेजहरू बनाएर राख्नका लागि उनीहरूलाई प्रेरणाका साथै अन्य पक्षहरूको बारेमा यस जातिका मानिसहरूलाई तालिमको व्यवस्था गराउनु अति जरुरी देखिन्छ र यस्ता कार्यहरूको सरकारी स्तरमै सुपरिवेक्षण हुनु जरुरी देखिन्छ ।

समुदायका मानिसहरूको आर्थिक स्तरको कारणले शिक्षामा प्रतिकूल प्रभाव परेकोले आर्थिक स्तर उकास्न कृषिमा आश्रित यी समुदायलाई कृषिसँग सम्बन्धित उन्नत प्रविधि र ज्ञानको आवश्यकता रहेको देखिन्छ जसका लागि नेपाल सरकारले सिंचाइ सुविधा, मलखादको उचित व्यवस्था गरिदिने र खेतीपातीबाट आफ्नो जीवन निर्वाह गर्ने उचित बजारको व्यवस्था र सहुलियत दरमा ऋण सुविधा उपलब्ध

गराइदिने व्यवस्था गर्न सकेको खण्डमा यिनीहरूको आर्थिक स्थितिम सुधार आउनेछ। भूमिहिनलाई स्थायी बसोबास गर्न नेपाल सरकारले जग्गाको व्यवस्था गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण गर्नुपर्ने देखिन्छ जसले गर्दा आर्थिक समस्यमा राहत भई शैक्षिक क्षेत्रमा ध्यान तथा चेतनाको विकासमा सहयोग पुग्ने देखिन्छ।

सरकारी विद्यालयमा मूल रुपमा शैक्षिक उत्थानका लागि सामाजिक संघसंस्थाहरूले कमै ध्यान दिएको देखिन्छ। अतः सामाजिक संघसंस्था र सरकारी स्तरहरूबाट शैक्षिक उत्थानका लागि योजना बनाएर यथाशिघ्र पाइला चाल्नुपर्ने देखिन्छ। विपन्नवर्गका मानिसहरुको जीवनको हरेक पक्षको खोज अनुसन्धान गरेर उनीहरूको शैक्षिक, सामाजिक सांस्कृतिक, धार्मिक परम्परा र संस्कारहरूलाई लोप हुन नदिन पाठ्यक्रममा उनीहरूको संस्कृतिलाई समावेश गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ। यसका साथै उनीहरूका समस्याहरूको पहिचान गरी आर्थिक अवस्था, शैक्षिक पक्षको सुधारको लागि सबै पक्षले ध्यान दिनुपर्ने देखिन्छ।

### ५.२.२ कार्यान्वयन तह

शिक्षा आजको विश्वमा मानव जीवनस्तर उकास्ने सबैभन्दा बढी सक्षम अस्त्रका रुपमा रहेको पाइन्छ। त्यसैले पिछडिएको समुदायको शिक्षाप्रतिको उदासिनता हटाउन अनिवार्य रुपमा स्कुल पठाउने व्यवस्था गर्नका लागि स्थानीय समुदाय तथा राजनीतिकर्मीहरू प्रतिवद्ध हुनुपर्छ। साथै अध्ययनमा प्रोत्साहन गर्न विद्यालय गए वापत उनीहरूका परिवारलाई पुरस्कृत गर्ने, बालबालिकाका आवश्यक वस्तुहरू कापी, कलम, झोला, किताब दिने व्यवस्था स्थानीय स्तरमै र सरकारी स्तरमा गर्नु पर्दछ। साथै एस.एल.सी. सम्म पास गरेकाहरूको लागि सरकारी तथा गैर सरकारी स्तरबाट रोजगारीको आरक्षणको व्यवस्था तत्काल गर्नु पर्ने देखिन्छ। समुदायमा शैक्षिक चेतना फैलाउने गरी एक अभियानको व्यवस्था, भर्ना सप्ताह कार्यक्रमको प्रभावकारी प्रयोग गरिनु, छात्रवृत्तिको स्तरमा वृद्धि, विद्यालयमा बालमैत्री वातावरण सृजना गर्नु, अग्रज अभिभावक, शिक्षक, प्र.अ. सहितको टोली गठन गरी चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ।

समुदायका मानिसहरूले आफ्ना बालबालिकाहरूलाई विद्यालयमा पढ्न पठाउँदा छात्रवृत्ति तथा पैसा पाउने चेतनाको विकास भएपछि विद्यालयमा भर्ना गर्न बालबालिकालाई ल्याने गरेको पाइन्छ । तर बीचैमा कक्षा छोड्ने प्रवृत्ति कम गर्न सचेत तथा अगुवा अभिभावकहरू, गाउँका प्रबुद्ध व्यक्तिहरू, सरोकारवालाहरू, नेपाल सरकार, सम्बन्धित गा.वि.स., सम्बन्धित विद्यालय, यस समुदाय विकास प्रतिष्ठान, आदिवासी जनजाति महासंघ आदि) सहितको सहयोगमा तत्काल शैक्षिक जागरण अभियान सञ्चालन गर्नुपर्ने देखिन्छ ।

शिक्षा मानव जीवनको विकासको महत्वपूर्ण साधन भएको हुनाले मानिसको व्यवहार परिवर्तन गर्न आर्थिक स्तर उकास्न शिक्षाले नै महत्वपूर्ण भूमिका खेल्दछ । शिक्षा बिना मानिसको भविष्य अन्धकार हुन्छ भन्दै माथिको सरोकारहरूको सहयोगमा विद्यालयमा आफ्नो नानीहरूलाई टिकाइराख्न सक्ने अभिभावकलाई पुरस्कृत गर्ने व्यवस्था गरिनु पर्छ ।

यस अनुसन्धानको क्रममा अध्ययन गरिएका विद्यालयहरूमा विद्यार्थी संख्याको आधारमा कक्षा छोड्ने, कक्षा दोहोऱ्याउने, अनुत्तीर्ण हुने संख्या बढी भएको भएको पाइएकोले शैक्षिक गुणस्तरका साथै उदार कक्षोन्नति नीति लागू गरी विद्यालयमा टिकाइ राख्नु पर्ने देखिन्छ । यसको लागि कमजोर विद्यार्थीहरूलाई समेटेर अतिरिक्त कक्षा बिहान तथा बेलुका पारेर सञ्चालन गर्नुपर्ने देखिन्छ । यस जातिका बालबालिकाहरूलाई यस्ता कक्षाहरूमा निःशुल्क अध्ययनको लागि सरोकारवाला पक्षले व्यवस्था गर्नुपर्ने देखिन्छ । यसले गर्दा यस समुदायका केटाकेटीहरू बाहिर माछा मार्न जाने, भाग्ने समयको सदुपयोग हुने देखिन्छ ।

### ५.२.३ अनुसन्धान तह

नेपालको ग्रामीण क्षेत्रको समुदायिक विद्यालयको बारेमा गरिएको प्रस्तुत अध्ययन अनुसन्धानबाट मात्र मानिसको सम्पूर्ण जनजीवनको सर्वपक्षीय चित्र स्पष्ट हुन नसकेकाले पिछडिएका जातिको भाषा, लिपी, संस्कृति, जीवनशैली, शैक्षिक अवस्था, सामाजिक अवस्था, आर्थिक अवस्था जस्ता विषयवस्तुमा अनुसन्धाताहरूबाट थप अनुसन्धान गर्न यस अनुसन्धानले सहयोग पुग्ने अपेक्षा गरिन्छ ।

# सिकाइ उपलब्धिमा बालबालिकाको सहभागिता

# अनुसूची १

## प्रधानाध्यापकका लागि प्रश्नावली

नाम :

विद्यालयको नाम :

ठेगाना :

१. तपाईंको विद्यालयमा कुन जातिका बालबालिकाको सहभागिता बढी छ ?

२. आपना बालबालिकालाई शिक्षा प्रदान गर्ने कुरामा सन्थाल जातिका अभिभावकको सोचाइ कस्तो रहेको पाउनुहुन्छ ?

३. प्राथमिक शिक्षामा पहुचँ विस्तारका लागि विद्यालयले के कस्ता कार्यक्रम राखेको छ ?

४. विद्यालयप्रति समुदायको धारणा कस्तो छ ?

५. तपाईंको विद्यालयमा प्राथमिक तहमा जम्मा कति छात्रछात्राहरु छन् ?

६. तपाईंको विद्यालयमा प्राथमिक तहमा बालबालिकाहरुको संख्या कति छ ?

७. तपाईंको विद्यँलयमा बालबालिकाहरु स्कुलमा नियमित उपस्थित हुन्छन् ?

८. दैनिक रुपमा बालबालिका विद्यालय उपस्थित नहुने कारण के के हुन सक्छन् ?

९. प्राथमिक तहमा कक्षा दोहोऱ्याउनेको अवस्था कस्तो छ ?

१०. प्राथमिक तहमा उत्तीर्ण तथा अनुत्तीर्ण के कस्तो अवस्था छ ?

११. सबै बालबालिकालाई विद्यालय प्रवेश गराउने उपायहरु के कस्ता हुन सक्छन् ?

# सिकाइ उपलब्धिमा बालबालिकाको सहभागिता

## अनुसूची २

### वि.व्य.स. अध्यक्षका लागि प्रश्नावाली

नाम :

विद्यालयको नाम :

ठेगाना :

१. तपाईंको विद्यालयमा बालबालिकाको सहभागिता कस्तो छ ?

२. बालबालिकाको शिक्षा सम्बन्धमा समुदायको चेतना स्तर कस्तो रहेको पाउनुहुन्छ ?

३. प्राथमिक शिक्षामा आम बालबालिकाको पहुँच विस्तारका लागि विद्यालयले कुनै कार्यक्रम राखेको छ ?

४. विद्यालय समुदायको सम्बन्धको अवस्था के छ ?

५. बालबालिकाहरुको शिक्षामा सहभागिता वृद्धि गर्न के उपायहरु अवलम्बन गर्न सकिन्छ ?

८. सबै बालबालिकालाई विद्यालय प्रवेश गराउने उपायहरु के कस्ता हुन सक्छन् ?

# सिकाइ उपलब्धिमा बालबालिकाको सहभागिता

## अनुसूची ३

### शिक्षकका लागि प्रश्नावली

नाम :

विद्यालयको नाम :

ठेगाना :

१.	स्थानीइ समुदायका मानिसहरुको सामाजिक, आर्थिक पक्ष कस्तो छ ?

२.	समुदायका मानिसहरुको शिक्षाप्रतिको चासो कस्तो छ ?

३.	विद्यालयमा बालबालिकाहरुको सहभागिता बढाउन के गर्नुपर्छ ?

४.	तपाईंले अध्यापन गर्ने कक्षामा बालबालिकाको भर्ना संख्या अवस्था कस्तो छ ?

५.	बालबालिकाहरुलाई विद्यालयमा टिकाइ राख्न के कस्तो कदम चाल्नुपर्छ ?

६.	तपाईंको कक्षामा बालबालिका कति उत्तीर्ण भएका छन् ?:

७.	तपाईंको कक्षामा बालबालिका कति अनुत्तीर्ण भएका छन् ?

८.	कक्षागत रुपमा अनुत्तीर्ण भएर कक्षा दोहोऱ्याउने अवस्था कस्तो छ ?

९.	के कारणले बालबालिकाहरुले बीचैमा कक्षा छोड्छन् ?

१०.	स्थानीय समुदायका मानिसहरुको किन आर्थिक स्तर कमजोर भएको हो ?

११.	अन्य संघसंस्थाहरुले के कस्तो सहयोग गरेको छ ?

१२.	सरकार तथा सरोकारकारवालाहरुले कसरी सहयोग गरेको छ ?

१३.	के कस्तो सहयोग भए सुधार हुने थियो ?

# सिकाइ उपलब्धिमा बालबालिकाको सहभागिता

## अनुसूची ४

### अभिभावकका लागि अन्तरवार्ताका प्रश्नहरु

नाम :

विद्यालयको नाम :

ठेगाना :

१. तपाईं आफ्ना बालबालिकालाई विद्यालय सधैं पठाउनुहुन्छ ?

२. स्कुल नजाने बालबालिकालाई विद्यालय पठाउन के गर्नुपर्छ ?

३. तपाईंको नानी स्कुलबाट भागेर आउँछ कि आउँदैन ?

४. यदि आउँछ भने किन भागेर आउँछ ?

५. के भएमा बालबालिकालाई विद्यालयमा टिकाइ राख्न सकिन्छ ?

६. घरमा केटाकेटीहरुलाई पढ्ने समय दिनुहुन्छ कि हुँदैन ?

७. तपाईंको नानीको पढाइ कस्तो छ ?

८. विभिन्न सघंसस्थाहरुले तपाईंहरुलाई के कसरी सहयोग गरेको छ ?

# सिकाइ उपलब्धिमा बालबालिकाको सहभागिता

## अनुसूची ५

### विद्यार्थीका लागि अन्तरवार्ताका लागि  प्रश्नहरु

नाम :

कक्षा :                    सेक्सन :              रोल नं. :

विद्यालयको नाम :

ठेगाना :

१. तिम्रो नाम के हो ?

२. तिमी कति कक्षामा पढ्छौ ?

| | | | | | |
|---|---|---|---|---|---|
| कक्षा | एक | दुई | तीन | चार | पाँच |

३. तिमी सधैँ स्कुल आउछौ ?

(क) सधैं आउँछु (ख) कहिलेकाहीं आउँछु (ग) धेरैजसो आउँछु

४. यदि सधैं बिद्यालय हाजिर हुन सक्दैनौ भने किन सक्दैनौ ?

(क) घरमा काम परेकाले (ख) घरका मान्छे मेलापात जाँदा

(ग) भाइ बहिनी हेर्न परेकाले (घ) विद्यालय आउन मन नलागेर

(ङ) अन्य कुनै कारण भएं...................................

५. विद्यालयमा के अवसर पाए सधै आउन मन लाग्छ ?

(क) पैसा पाउँदा (ख) लुगा पाउँदा

(ग) झोला पाउँदा (घ) अन्य केही भए .........

६. तिमी सधै खाना खाएर स्कुल आउछौं ?

७. तिमो घरमा बुबा आमा के गर्नुहुन्छ ?

(क) भेन चलाउनु हुन्छ (ख) खेतमा काम गर्नुहुन्छ

(ग) अर्काकामा मेलापात गर्न जानुहुन्छ (घ) गाडी चलाउनुहुन्छ

८. तिमी घरमा अरु के के काम गर्छौ ?

(क) खाना पकाउँछु (ख) भाइ बहिनी हेर्छु

(ग) पढ्छु (घ) अरुकोमा भाँडा धुन जान्छु

# सिकाइ उपलब्धिमा बालबालिकाको सहभागिता

## अनुसूची ६

### विद्यालय सर्वेक्षण फाराम

### विद्यार्थी सम्बन्धी विवरण

विद्यालयको नाम ..........................................

ठेगाना ......................................................................... शै.स. :

| कक्षा | भर्ना | | कक्षा छोड्ने | | परीक्षामा सामेल | | उत्तीर्ण | | अनुत्तीर्ण | | कक्षा दोहोऱ्याउने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | |

# सन्दर्भ ग्रन्थ सूचि

केन्द्रीय तथ्याङ्क विभाग (२००१), *नेपालको वार्षिक तथ्याङ्क पुस्तिका,* काठमाडौं : राष्ट्रिय योजना आयोग ।

खनाल, पेशल (२०६२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

चारपाने गा.वि.स. (२०६८), *भिलेज प्रोफाइल,* जनसंख्या तथ्याङ्क, झापा : लेखक ।

जिल्ला शिक्षा कार्यालय (२०६८), *विद्यालय स्तरीय शैक्षिक तथ्याङ्क,* झापा : लेखक ।

तिम्सिना, शुकदेव (२०६४), *झापा जिल्लाका सन्थालहरुको राजनैतिक सहभागिता र सामाजिक अवस्थाको अध्ययन,* अप्रकाशित मानविकी र सामाजिकशास्त्र सङ्काय स्नातकोत्तर शोध पत्र, मोरङ : विराटनगर डिग्री क्याम्पस ।

थपलिया, होमराज (२०६७), *चुहानडाँडा (आठराई) का दलित बालबालिकाको शैक्षिक अवस्था,* अप्रकाशित मानविकी र सामाजिकशास्त्र सङ्काय स्नातकोत्तर शोध पत्र, मोरङ : विराटनगर डिग्री क्याम्पस ।

नेपाल सरकार (२०६४), *तीन वर्षीय अन्तरिम योजना (२०६४/०६५ - २०६७/०६८),* काठमाडौं : लेखक ।

नेपाल सरकार (२०६३), *नेपालको अन्तरिम संविधान,* काठमाडौ : कानून किताब व्यवस्था समिति ।

नेपाल सरकार (२०६१), *मुलुकी ऐन (२०२०),* काठमाडौ : कानून किताब व्यवस्था समिति ।

भट्ट, श्यामप्रसाद (२०६०), *बीचैमा विद्यालय छोड्ने समस्या : एक अध्ययन* (अप्रकाशित शोधपत्र), काठमाडौं : त्रि.वि.केन्द्रीय विभाग, कीर्तिपुर ।

मदरहुड कियर नेपाल (२०६४), *सन्थाल समुदायका वालवालिकाको मृत्युदर* (अध्ययन प्रतिवेदन), लेखक ।

राष्ट्रिय दलित आयोग (२०६४), *नेपालमा दलित समुदायको स्थिति,* काठमाडौं : लेखक ।

वि.क. गणेश र विनोद पहाडी (२०६३), *छुवाछुतमुक्त राष्ट्र निर्माणामा दलित सहभागिताको सवाल* : एक लेख, काठमाडौं : नेपाली मञ्च वर्ष १६, अङ्क १ ।

वाग्ले, मनप्रसाद (२०६०), *शिक्षाको परिचय,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

शर्मा, गोपीनाथ (२०५८), *नेपालमा शिक्षा आयोगका प्रतिवेदन,* ललितपुर : साझा प्रकाशन ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला,(२०६५), *शिक्षाको परिचय,* काठमाडौ : एम.के. पब्लिशर्स एण्ड डिस्ट्रिब्युटर्स ।

श्रेष्ठ, चन्द्रबहादुर (२०५८), *शिक्षाको परिचय,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

सेरिड (२०५६), *आधारभूत प्राथमिक शिक्षामा सुपरिवेक्षण,* काठमाडौं : त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र, कीर्तिपुर ।

हाडा गम्भीर बहादुर र गंगा नेपाल (२०६२), *दलित समुदायको सामाजिक आयाम एक विश्लेषण,* काठमाडौं, जनउत्थान प्रतिष्ठान, अनामनगर ।

*http/www.cerid.org*

*www.google.com*

*www.moe.cdc.org.np*